म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १२, अंक १७६ सोमबार २३ माघ २०७९ ने. सं. ११४३ सिल्लाथ्व 6 February 2023 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

लागूऔषध गाँजासहित एकजना पक्राउ

हेटौंडा, २२ माघ/मकवानपुर प्रहरीले लागूऔषध गाँजासहित एक जनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा पर्सा जिल्लाको पटेर्वा सुगौली गाउँपालिका-४ का ५५ वर्षीय पर्देसी माझी थारू रहेका छन् । आइतबार बिहान ११ बजेर ३० मिनेटको समयमा विशेष सूचनाको आधारमा जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट प्रहरी सहायक निरीक्षक नवीन विक्रम थापाको कमाण्डमा खटिएको प्रहरी टोलीले उनलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता टेक बहादुर कार्कीले जानकारी दिए । उनको अनुसार थारुले बोकेको झोलामा लुकाई छिपाई ल्याएको ५ किलो ५ सय ग्राम गाँजा फेला पारी बरामद गरेको छ । लागूऔषधसहित थारुलाई निणन्त्रणमा लिएर थप अनुसन्धान गरिरहेको जनाएको छ ।

अत्तोपत्तो नभएका १० सहकारी भेटिए

'सदस्यका एक अर्ब बढी रकम सुरक्षित'

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ सहकारीहरुको नाम मात्रै रहेको तथा कार्यालय र कार्यसमितिको अत्तोपत्तो नभएका हेटौंडाका १० वटा सहकारी भेटिएका छन् ।

हेटौंडा उपमहानगर पालिकाभित्र कार्यक्षेत्र भएर पनि कार्यालय सञ्चालन नगरी झोलाभित्रै थन्किएका १६ वटा सहकारीमध्ये १० वटा सहकारीहरु उपमहानगरपालिका कार्यालयको सम्पर्कमा आएका हुन् । यसअघि बचतकर्ताहरुको अर्बौं रकमसहित सहकारीहरु सम्पर्कमै नभएको भन्दै उपमहानगरपालिकाले कारबाही स्वरुप खारेजीको प्रक्रियामा लगेको थियो । उपमहानगरको उद्योग, सहकारी, पर्यटन शाखाले सम्पर्कमा नभएका सहकारीहरुलाई तत्काल सम्पर्कमा आई हरहिसाब बुझाउन निर्देशन नै जारी गरेको थियो । कानुनअनुसार सहकारी क्षेत्रको नियमनकारी निकाय उपमहानगरपालिका रहेको छ । यसअघि लथालिङ रहेका सहकारीहरुलाई उपमहानगरपालिकाले नियमन गरिरहेको पाइएको हो ।

उपमहानगरको उद्योग, सहकारी, पर्यटन शाखा प्रमुख हिमप्रसाद पौडेलले हराएको १६ वटा सहकारीमध्ये १० वटा भेटिएको जानकारी दिए । उनका अनुसार सम्पर्कमा आएका १० वटामध्ये ९ वटा सहकारीहरुको साधारणसभा गराएर अधिकांशमा नयाँ कार्यसमिति समेत गठन गरिएको छ । '९ वटा सहकारीलाई हामीले पुन: सक्रिय बनाएका छौं । यसो गर्दा बचतकर्ताहरुको बचत संरक्षण हुन पुगेको छ ।,' पौडेलले भने ।

पौडेलले ९ वटा सहकारी भेटिँदा एक अर्ब भन्दा बढी रकम संरक्षण हुन पुगेको बताए । 'हाम्रो सम्पर्कमै नआएका सहकारीहरुमा बचतकर्ताहरुको कति रकम बचत थियो भनेर थाहा थिएन् । अहिले ९ वटा सहकारीमा एक अर्ब भन्दा बढी रकम बचत भएको रहेछ । यसलाई हामीले निगरानी गरेपछि बचतकर्ताहरुको रकम संरक्षण भएको छ,' पौडेलले भने ।

भेटिएका सहकारी १, ३, ४, ६, १०, ११, १२, १३ र १८ नम्बर वडाभित्रका हुन् । यसैगरी १० वटामध्ये ९ वटा सहकारी यसअघि नै सम्पर्कमा आएपनि एउटा सहकारी भने बिहीवार मात्रै उपमहानगरपालिकाको सम्पर्कमा आएको छ । ३ र १९ नम्बर वडा कार्यक्षेत्र रहेको त्यस सहकारी बिहीवार मात्रै सम्पर्कमा आएका पौडेलले बताए । उक्त सहकारीलाई पनि साधारणसभा गराएर सक्रिय बनाइने उनले बताएका छन् । हेटौंडाभित्र कार्यक्षेत्र रहेका अझै ६ वटा सहकारी सम्पर्क बाहिर छन् । ६ वटा सहकारीको खोजी भइरहेको पौडेलले बताए । दर्ताअनुसार हेटौंडाको ४, १२, १५, १३ र १० नम्बर वडाका ६ वटा सहकारीको अझै अस्तित्व नभेटिएको हो ।

हेटौंडा उपमहानगर पालिकाभित्र कार्यक्षेत्र भएर पनि कार्यालय सञ्चालन नगरी झोलाभित्रै थन्किएका सहकारीहरुलाई कारबाही गर्ने पौडेल बताउँछन् । सर्वसाधारणको लाखौं रकम उठाएर कार्यालयसमेत नराखी सञ्चालन हुँदै आएका वा अस्तित्वमै नभएका ६ वटा सहकारीलाई हेटौंडा उपमहानगरले खारेजीको प्रक्रियामा लाने भएको हो । ६ वटा सहकारीको कार्यालय, उनीहरुको कारोबार, सर्वसाधारणको लगानी सुरक्षाको कुनै जानकारी नभएपछि उपमहानगरले खोजी अघि बढाएको छ । करिब डेढ वर्ष अघिदेखि नै सहकारी दर्ता गर्ने व्यक्तिको झोलामा थन्किएको र झोलाबाटै चलेका सहकारीको खोजी उपमहानगरले गरेको हो ।

यसअघि हेटौंडा-१ मा दर्ता भएको नारी बचत तथा ऋण सहकारी, २ नम्बर वडाको जलजला जडिबुटी सहकारी, ३ नम्बर वडाको सुखी भविष्य बचत तथा ऋण सहकारी, ४ नम्बर वडाको जय कालिका बचत तथा ऋण सहकारी, नागरिक बचत, कान्तिपुर बचत र स्वतिक बचत तथा ऋण सहकारी, ७ नम्बर वडाको महालक्ष्मी कृषि सहकारी, ११ नम्बर वडाको महिला घरेलु सामान उत्पादन तथा बिक्री वितरण सहकारी सम्पर्कबाहिर थिए । यसैगरी, १३ नम्बर वडाको नमोबुद्ध बचत तथा ऋण सहकारी, १६ नम्बर वडाको जुरेथुम कृषि सहकारी संस्था र १८ नम्बर वडाको आँपखोला दुग्ध उत्पादक सहकारी तथा रामधुनी महिला दुग्ध उत्पादक सहकारीलाई पनि उपमहानगरले खोजी गरिरहेको थियो ।

हाल हराएका ६ वटा सहकारीहरुको आर्थिक कारोबारमाथि उपमहानगरपालिकाले आशंका गरेको हो । यसअघि सहकारीहरुले मनलाग्दी गर्दासमेत उपमहानगर पालिका बेखबर थियो । संघीय सरकार मातहतको तत्कालीन डिभिजन सहकारी कार्यालय मकवानपुरमा दर्ता भई हेटौंडा उपमहानगरभित्र सञ्चालनमा रहेका सहकारीको अनुगमन गर्ने क्रममा १६ सहकारी संस्था गायब रहेका पाइएको हो । उपमहानगरभित्र २ सय २२ सहकारी संस्था छन् । तत्कालीन डिभिजन सहकारीबाट संघीयता स्थापनासँगै २०७४ सालमा हेटौंडा उपमहानगर पालिकालाई जिम्मेवारी हस्तान्तरण भएको थियो । सहकारी संस्थाले वार्षिक लेखा परीक्षण, साधारणसभा लगायत अन्य अतिआवश्यक कामहरु समेत नगरेको पौडेलले जानकारी दिए ।

यसैगरी, हेटौंडामा सहकारी बिनियमविपरित घर जगगामा लगानी गर्ने सहकारीमाथि पनि उपमहानगरपालिकाले निगरानी बढाएको छ । उत्पादन क्षेत्रमा लगानी गर्ने उद्देश्यसहित खुलेका हेटौंडाका ३-४ वटा सहकारीहरुले घरजग्गामा व्यापार गरिरहेकाले उनीहरुमाथि निगरानी बढाइएको र कारबाही गर्नसमेत उपमहानगर पालिका तयारी अवस्थामा बसेको सहकारी शाखा प्रमुख पौडेलले जानकारी दिए । कतिपय सहकारीहरुले बचतकर्ताको रकम घरजग्गामा लगानी गर्दा बचतकर्ताहरुले ऋण नपाउनेदेखि र बचत रकम पनि फिर्ता लिन नसकेको गुनासो आइरहेको छ । लिखित उजुरी आएका तत्काल कारबाही गरिने पौडेलले बताए ।

व्यक्तिगत र संस्थागत

अनुदान अब बन्द : मुख्यमन्त्री

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले व्यक्तिगत र संस्थागत अनुदान अब बन्द गर्ने बताएका छन् ।

दिव्यतारा बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड हेटौंडाको २४ औं साधारणसभा तथा रेडियो मकवानपुरका १३ औं बार्षिकोत्सवको अवसरमा आयोजित सप्ताहव्यापी कार्यक्रमको समापन कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री जम्कट्टेलल यस्तो बताएका हुन् । उनले कृषि क्षेत्रमा दिने गरिएको अनावश्यक अनुदान बन्द गर्ने बताए । उन्ले प्रदेश तहबाट विभिन्न क्षेत्रमा व्यक्ति वा संस्थालाई वितरण गर्दिँदै आएको अनुदान दुरुपयोग भएकोले त्यसलाई बन्द गर्ने बताए ।

कार्यक्रममा यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आएकी फ्रेण्ड्स हेटौंडाका कार्यक्रम संयोजक किरण थापा र कृष्माण्ड सरोवर त्रिवेणीधाम विकास समितिका अध्यक्ष ईश्वरीप्रसाद न्यौपानेलाई सामुदायिक सम्मान २०७९ प्रदान गरिएको छ । उनीहरुलाई जनही नगद १० हजार रुपैयाँसहित सामुदायिक सम्मान प्रदान गरिएको हो ।

थापाले यौनिक तथा लैङ्गिक अल्पसङ्ख्यकको क्षेत्रमा र न्यौपानेले धार्मिक क्षेत्रमा योगदान पुऱ्याएको भन्दै रेडियोले सम्मान गरेको हो । दिव्यतारा सहकारीका अध्यक्ष डा. गणेश बल लामाको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुर प्रमुख ललित घलान, जिल्ला सहकारी संघ मकवानपुर अध्यक्ष एवम् बागमती प्रदेश सहकारी विकास बोर्ड उपाध्यक्ष नारायणप्रसाद देवकोटा, हेटौंडा उपमहानगरपालिका २ नम्बर वडा अध्यक्ष बिष्णुगोपाल महर्जन, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य सुनिल खड्का, जिल्ला बहुउद्देश्यीय सहकारी संघका अध्यक्ष रामहरि न्यौपाने, रेडियो मकवानपुर सञ्चालक समिति अध्यक्ष आनन्दराम पराजुली, सामुदायिक सम्मानबाट सम्मानित फ्रेण्ड्स हेटौंडाका कार्यक्रम संयोजक किरण थापा, दिव्यताराका कार्यसमिति सदस्य एवम् युवा स्वरोजगार तथा साना व्यवसायी कोषका संयोजक सर्मिला डंगोल लगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

कार्यक्रममा सप्ताहव्यापी कार्यक्रमको सन्दर्भमा भएको विभिन्न कार्यक्रमका विजेताहरुलाई पुरस्कार प्रदान गरिएको थियो । कविता प्रतियोगिताका प्रथम, द्वितीय र तृतीय भएका हेटौंडा स्कूल अफ म्यानेजमेण्टका रोशनी चौलागाई, जीएस निकेतनका समर्पण न्यौपाने र बालजागृति इङ्लिस सेकेण्डरी स्कूलका कृषाङ्गी अर्यालालाई क्रमश:नगद १० हजार, ७ हजार र ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको थियो ।

यस्तै मिडिया कप फुट्सलका विजेता खेलकुद पत्रकार मञ्च मकवानपुरलाई नगद १५ हजार र उपविजेता टिम टेलिभिजनलाई ७ हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको थियो । सप्ताहव्यापी कार्यक्रमका सहयोगी संघसंस्थालाई कदरपत्र प्रदान गरिएको थियो ।

इन्ट्रा अकुलर लेन्स उत्पादन विभाग हेटौंडामा स्थानान्तरण गर्ने

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र तिलगंगा आँखा प्रतिष्ठानबीच नेपाल आँखा कार्यक्रमको इन्ट्रा अकुलर लेन्स उत्पादन विभाग हेटौंडामा स्थानान्तरण गर्ने समझदारी भएको छ ।

मन्त्रालयमा आईतबार आयोजित समारोहमा सोसम्बन्धी समझदारीपत्रमा उद्योग मन्त्रालयका सहसचिव बाबुराम गौतम र आँखा प्रतिष्ठानका तर्फबाट प्रमुख कार्यकारी अधिकृत डा रिता गुरुङले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार मन्त्रालयले इन्ट्रा अकुलर लेन्स उतपादन विभाग स्थापनाका लागि प्रतिष्ठानका नाममा रु दुई करोड पक्की भवन निर्माण अनुदान निकासा गर्नेछ । सो रकम पक्की भवन निर्माणका कार्यबाहेक अन्यमा खर्च गर्न पाइने छैन ।

भवन निर्माण गर्दा गुणस्तरीयता कायम गर्नुपर्ने सम्झौतामा उल्लेख छ । प्रतिष्ठानले कानुनबमोजिम मुनाफा वितरण नगर्ने उद्देश्य राखी लेन्स उत्पादन कम्पनी/उद्योग दर्ता प्रक्रिया अगाडि बढाउने समझदारी भएको छ ।

चालु आवका लागि निकासा भएको अनुदान रकम आगामी जेठसम्ममा खर्च गरी सक्नुपर्ने सम्झौतामा उल्लेख छ । चालु आवमा खर्च हुन नसकेको बजेट फिर्ता गर्नुपर्नेछ । सम्पादन भएको कार्यको भौतिक तथा वित्तीय प्रगतिको त्रैमासिक प्रगति प्रतिवेदन अनिवार्यरुपमा प्रतिष्ठानले मन्त्रालयमा पठाउनुपर्नेछ ।

विभाग स्थानान्तरणका लागि आवश्यक खरिद गर्ने, निर्माण गर्ने, लेखापाल गर्ने, लेखापरीक्षण गराउने, प्रतिवेदन गर्नेलगायत सम्पूर्ण जिम्मेवारी प्रतिष्ठानको हुनेछ ।

लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि प्रतिष्ठानले मन्त्रालयमा पठाउनु पर्नेछ । समझदारीपत्रमा उल्लेख गरिएका विषय कार्यान्वयन गर्न दुवै पक्षका एक/एक जना सम्पर्क अधिकृत तोक्ने सहमति भएको छ ।

पाँच जना हेटौंडा आइडलको फाइनलमा प्रवेश

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ हेटौंडा आइडल गायन प्रतियोगितामा पाँच जना प्रतिस्पर्धी ग्राण्ड फाइनलमा प्रवेश गरेका छन् ।

हेटौंडा-१० टिसिएसन चौरमा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सवमा भएको हेटौंडा आइडल गायन प्रतियोगितामा पाँच जना प्रतिस्पर्धी ग्राण्ड फाइनलमा प्रवेश गरेका हुन् । शनिबार ६ जना प्रतिस्पर्धीले आफ्नो गायन प्रस्तुत गरेका थिए ।

शनिबार भएको प्रस्तुतीबाट आइतबार राजेश दर्नालले आइडलको मञ्च छाडेका छन् । निर्णायकको मुल्याकंन, टिकट र एसएमएसबाट प्राप्त भएको भोटिङको आधारमा उनी मञ्चबाट बाहिरेका हुन् ।

आइतबार ग्राण्ड फाइनलमा अनिता मोक्तान (१), प्रेमलाल बैठा(२), सुस्मिता श्रेष्ठ (४), दीपेश श्रेष्ठ (५) र सुसन शाही ठकुरी(८) ले आफ्नो प्रस्तुती दिएका छन् ।

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित
☞ कार वास भित्र/बाहिर
☞ वाइरिङ मर्मत
☞ A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक बेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ इन्जिनसम्बन्धी सबै काम
Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

हाम्रो कुरा

काममा ढिलाई गर्ने ठेकेदारलाई कारबाही गर

सरकारले भौतिक पूर्वाधार विकास निर्माणसंग सम्बन्धित कामहरु विभिन्न प्रक्रियाबाट सम्पन्न गर्दै आएको छ । सार्वजनिक खरिद ऐनअन्तर्गत् ठूला विकास निर्माणका कामहरु ठेक्का प्रणालीबाट सम्पन्न गर्ने गरेको छ भने स-साना कामहरुलाई उपभोक्ता समितिमार्फत् पनि गर्दै आएको छ । सरकारले कुनैपनि योजनामा बजेटको सुनिश्चितता भएपछि ठेक्का प्रक्रियामा लगाउने गरेको छ । लागत अनुमान अनुसार खुलाइएको ठेक्कामा निर्माण कम्पनीहरुले आफूले कति प्रतिशत कममा कबोल गरेर काम गर्न सकिन्छ सो रकम कबोल गरी ठेक्का दर्ता गर्ने गरेको पाइन्छ । विशेष गरी कम मूल्यमा बढी काम गर्ने कबोल गर्ने कम्पनीलाई सम्बन्धित कार्यालयले कामको सम्झौता गरेर अघि बढेको हुन्छ । आफूले ठेक्का कबोल गर्ने तर, काम नगर्ने प्रवृत्ति ठेकेदारहरुमा देखिएको छ । जसका कारण आम उपभोक्ताहरु मर्कामा परिरहेका छन् ।

कुनैपनि योजना अगाडि बढाउन जनप्रतिनिधि, स्थानीय उपभोक्ताहरुले धेरै मेहनत गरेर बजेट पारेका हुन्छन् । बजेट परेपछि काम हुने र आफूहरुले विकासको अनुभूति गर्न पाउने गरी उपभोग गर्न पाइन्छ भनेर उपभोक्ताहरु ढुक्का हुने गर्छन् । तर, ठेकेदारले समयमै काम नसक्दा उपभोक्ताहरु निराश हुने गरेको उदाहरण निकै पाउन सकिन्छ । त्यस्तै समस्याको रुपमा रहेको छः हेटौंडा चौकीटोल-लालझाडी जोड्ने पक्की पुल । दुई वर्षमा काम सम्पन्न गर्ने गरी २०७८ साल जेठ १८ गते शिवशक्ति-सिद्धार्थ-शिवम् जेभीले भौतिक पूर्वाधार विकास कार्यालय चितवनसंग सम्झौता गरेपनि २० महिना बितिसक्दा पनि एउटा खाल्डो पनि पूरा गरेको छैन । यो पुल समयमै नबन्दा त्यहाँका किसानहरुको उत्पादन बजार ल्याउन, बालबालिकाहरु अध्ययनका लागि आउजाउ गर्न कठिन भएको छ । बिरामी हुँदा अझै स्टेचरमा राखेर पैदल हिंडेर खोला तार्नुपर्ने बाध्यता छ ।

सरकारले दिएको बजेटबाट काम समयमै सम्पन्न नगर्ने निर्माण कम्पनीलाई कारबाही गर्न र नियमसंगत ढंगले समयमै काम लगाउन किन कडाई गर्न सक्दैन सम्बन्धित कार्यालय ? नियमानुसार ठेक्काको मोबिलाइजेसन रकम लिइसके पनि सोबराबर पनि काम नहुँदा किन कारबाही हुँदैन ? ठेक्का जति पनि लिइरहने तर, काम कुनैपनि सम्पन्न नगर्ने ठेकेदारहरुलाई के कारबाही हुने ? यस्ता धेरै प्रश्नहरु उब्जिएका छन् । यस्ता अलपत्र भएका कामहरु धेरै छन् । प्रतिस्पर्धा गरेर लिएको काम समयमै सम्पन्न नगर्ने ठेकेदारहरुलाई तत्काल कारबाही गर्ने संयन्त्र तयार गर्नु पर्दछ । सरकारले बजेट विनियोजन गरेर ठेक्का सम्झौता भएको कामको कार्यतालिका अनुसार काम गर्ने वातावरण बनाउन सम्बन्धित कार्यालयले ध्यान दिनु अपरिहार्य छ ।

महत्वपूर्ण टेलिफोन नम्बरहरु

मकवानपुर प्रहरी	
प्रहरी कन्ट्रोल:	१००
जिल्ला ट्राफिक:	५२०५९९
वडा प्रहरी:	५२०२९९
पशुपतिनगर इलाका:	५२०५९८
पालुङ इलाका:	६२०४६७
मनहरी इलाका:	९८५५०९०१६१
इलाका फापरबारी:	६२१९८०
इलाका भीमफेदी:	६९१४६२
इलाका ठिंगन:	९८४५२९९३८१
चौकीटोल चौकी	९७४२५५९५०१
चित्लाङ चौकी:	६९२०००
चौघडा चौकी	९८४४०५४६०४
नेवारपानी चौकी:	९७५५०००२९९
फाखेल चौकी:	९८४५०३१३९८
पदमपोखरी चौकी:	९८४५०९९७८९

एम्बुलेन्स सेवा	
नेपाल रेडक्रस:	५२०७११, ९८५५०२८९५२
हेटौंडा अस्पताल:	५२०३०५
परिवार नियोजन संघ:	५२०७४५,९८४५१०४५००
मनहरी रेडक्रस:	९८४५१०५८२१
छतिवन रेडक्रस:	९८६१६२२३११
भीमफेदी रेडक्रस:	६२०६९९
पालुङ रेडक्रस:	९८१४२०७४०१
बज्रबाराही रेडक्रस:	९८४५३०२९८४
सहकारी अस्पताल:	०५७-५२६५८७, ९८४५६१९१९४
बसामाडी एम्बुलेन्स:	९८४५२९७५७९
बारुण यन्त्र:	१०१
बाल हेल्पलाइन नेपाल:	१०९८
माइती नेपाल:	५२१०५०
अपाङ्ग बाल अस्पताल	९८४५२९६४४५

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

भोलिको पात्रो

भोलि वि.सं. २०७९ माघ २४ गते मंगलबार ७ फेब्रुअरी २०२३ । द्वितीया फाल्गुण कृष्णपक्ष । सिल्लागा ११४३ ने.सं. । सूर्योदय ६:४१, सूर्यास्त ५:४८ । सुरक्षित इन्टरनेट दिवस ।

आजको राशिफल

मेष	: मित्रताले हर्ष बढ्नेछ	**तुला**	: सहयोगीले असहयोग गर्नेछन्
वृष	: कामको तारिफ हुनेछ	**वृश्चिक**	: पढाइमा प्रगति हुनेछ
मिथुन	: अरुको मन लोभ्याउन सकिनेछ	**धनु**	: समस्या दोहोरिन सक्नेछ
कर्कट	: दाम कमाउने बेला छ	**मकर**	: घरेलु काममै अलमल हुनेछ
सिंह	: प्रयत्न निरर्थक हुनेछ	**कुम्भ**	: भूमिबाट लाभ लिने समय छ
कन्या	: व्यावसायिक काम बन्नेछ	**मीन**	: बिग्रिएको सम्बन्ध सुधार्ने मौका छ

सुशासनमा नचुकोस् सरकार

बलराम केसी

नेकपा एमालेको समर्थनमा प्रधानमन्त्री पद आधा-आधा अवधि बाँड्ने सर्तमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल धारा ७६(२) को प्रधानमन्त्री नियुक्त भएको लामो समयपछि मन्त्रीपरिषद्ले पूर्णता पायो ।

सरकार गठन नाटकीय ढंगबाट भयो । दाहाल सत्ता गठबन्धनबाट चुनाव लडेर तेस्रो शक्ति बने । राष्ट्रपतिबाट धारा ७६(२) को सरकार गठनका लागि ७ दिनको समय दिइएको थियो । शेरबहादुर देउवाले पहिलो अवधि आफैं प्रधानमन्त्री बन्ने र राष्ट्रपति पद पनि नछाड्ने ढिपी लिएपछि सत्ता गठबन्धन टुट्यो । दाहाल 'किङ मेकर' थिए । 'किङ मेकर' लाई अर्को शक्तिकेन्द्र बालकोटले 'हाइज्याक' गरेर प्रधानमन्त्री बनाउन सक्छ भन्ने कांग्रेसले चाल पाएन । गठबन्धन जिल्लियो ।

अनेक दाउपेच गरेर, 'दुस्मन का दुस्मन दोस्त होता है' शैलीमा सरकार बन्यो । कांग्रेसको समर्थन नभईकन पनि सरकारले विश्वासको मत पाउने सुविधाजनक बहुमत थियो । तर कांग्रेसले समेत सरकारलाई विश्वासको मत दिएर 'संसद् विपक्षीविहीन' हुने हो कि भन्ने अवस्थामा देश पुग्यो । दुई ठूला दलले 'स्थायित्व र राष्ट्रहित' का लागि सरकारलाई विश्वासको मत दिएका होइनन्, दलीय स्वार्थका लागि हो । केपी ओलीको समर्थन 'देश गरिब छ, पुन: अर्को आम निर्वाचनमा जान सम्भव हुँदैन, यही संसद्बाट देश चलाउनुपर्छ' भन्ने स्वच्छ र पुनीत उद्देश्यले आएको होइन । दाहालसँग पहिलो अवधि आफैं प्रधानमन्त्री 'बन्न र मान्न' मिलेन । त्यसैले दोस्रो अवधि आफू प्रधानमन्त्री बन्ने सर्तमा 'स्वार्थी समर्थन' दिइयो । कांग्रेसको समर्थन पनि राजनीतिक स्थायित्वका लागि होइन, प्रधानमन्त्री पद फुत्के पनि राष्ट्रपति पद पाइन्छ कि भनेर अनावश्यक मत दिएर स्वार्थी गुन लगाएको हो ।

मौखिक वा लिखित समझदारी वा सम्झौता गरेर प्रधानमन्त्री पद 'एड्भान्स बुकिङ' गर्ने गलत परम्परा विकास भयो । प्रधानमन्त्री पदको न अवधि तोक्न मिल्छ, न एड्भान्स बुकिङ गर्न । संविधानले ५१ प्रतिशतले विश्वास गरिर हेको बहालवाला प्रधानमन्त्रीलाई मात्र चिन्छ । एड्भान्स बुकिङबाट २ वर्षपछि प्रधानमन्त्री बनुँला भनेर आस गरेको प्रधानमन्त्रीलाई २ वर्षपछि पनि चिन्दैन । संसद्मा ५१ प्रतिशत बहुमतले विश्वास गरुन्जेल बहुमतको, मिलीजुली, एक्लो ठूलो दलको र सानै दलको भए पनि नेतृत्व दिन सक्ने 'क्यारिस्मेटिक' प्रधानमन्त्रीलाई चिन्छ । प्रधानमन्त्री पदलाई अवधि भागबन्डा गर्ने मौखिक नै किन नहोस्, त्यस्तो तमसुक संविधानले चिन्दैन । विपक्षी दलका नेता देउवामा चेत आउनुपर्‍योह वर्तमान सरकारले राम्रो काम गर्दै गएमा र ओलीले असंवैधानिक तमसुकका आधारमा सरकार गिराउने षड्यन्त्र रचेमा सरकारलाई समर्थन गरेर ५ वर्ष टिकाउनुपर्‍यो, तब महान् नेता भइन्छ ।

दाहालको नेतृत्व

आजको दिनमा बलियो गणितीय अंकको समर्थनमा दाहाल प्रधानमन्त्री बनेका छन् । ओलीलाई प्रधानमन्त्री हुन हतार नहुन्जेल सरकारलाई समस्या नहोला । प्रधानमन्त्रीले केहीअघि चितवनमा सम्बोधन गर्दा भनेका कुराहरू व्यवहारमा उतारेमा देशलाई सुधार्न सक्छन् । 'अर्थतन्त्रमा सुधार, भाषण कम, काम धेरै गर्छु, सुशासन र विकास गर्छु र भ्रष्टाचार र बेथितिको अन्त्य गर्छु' भन्ने भनाइ महावाणीमा परिवर्तन हुनुपर्छ । चाहेकै यही हो । दाहालभन्दा अगाडिका दुई प्रधानमन्त्रीले कहिल्यै यस्तो भनेनन् । भ्रष्टाचार को नाम पनि लिएनन् ।

चितवनमा बोलेका कुरा नपुर्‍याउने छुट प्रधानमन्त्री दाहाललाई हुँदैन । पहिलो कार्यकालमा उनी उत्ताउलो र महत्त्वाकांक्षी भए । अनुशासित सेनालाई चलाए । ८० प्रतिशतभन्दा बढी हिन्दु नेपाली र विश्वकै हिन्दुहरूको आस्थाको केन्द्र भगवान् पशुपतिनाथमा हात हाले । मिडियाको मुख थुन्नेपट्टि लागे । ब्युरोक्रेसी नभए कुनै देश पनि चल्दैन, त्यहाँ पनि हात हाले । न्यायपालिकालाई पनि शत्रु देखे । आजका दिनमा उनले संसदीय अभ्यास राम्रै गरिसकेका छन् । आन्दोलन गर्ने, विरोध गर्ने, प्रणाली भत्काउने भएर सशस्त्र युद्धमा उनी पुल, भवन, बाटो आदि पड्काएर 'डिमोलिसन एक्सपर्ट' बने । अब ति बिर्सेर 'रि-कन्स्ट्रक्सन एक्सपर्ट' बन्नुपर्‍यो । दुई पटक सत्ता बीचैमा छाड्नुपरेकाले उनलाई शंकाको सुविधा अझै प्राप्त हुन्छ ।

दाहाललाई राम्ररी थाहा छ, माओको चीनमा आर्थिक विकास थिएन, प्रचार मात्र थियो । 'ग्रेट लिप फरवर्ड' भनेर फुक्याउने काम भयो । 'आर्थिक विकासमा लामो फड्को' भन्ने नारा थियो त्यो । माओ मरेपछि उत्तराधिकारी देङ स्याओपिङले आर्थिक उदारीकरण गरे । देश विकास गर्नु छ भने अमेरिकाको पुँजी, प्रविधि र बजार नभई सम्भव छैन भन्ने उनले बुझे । राजनीतिमा कट्टर कम्युनिस्ट उनले अर्थतन्त्रमा पश्चिमाले जस्तो उदारीकरण अवलम्बन गरे । भ्रष्टाचारीलाई सहेनन् । सरकारी सम्पत्ति दुरुपयोग गर्न दिएनन् । त्यसै गरी प्रधानमन्त्री दाहाल पनि अर्थतन्त्र र भ्रष्टाचार नियन्त्रणका लागि माओवादी केन्द्रको होइन, 'नेकपा देङ स्याओपिङ केन्द्र' को नेता बनिदिए भने धेरै सुधार हुन्छ ।

प्रधानमन्त्री दाहालमा अर्को पनि जवाफदेही छ । उनलाई नपच्ला, तर बिनाकुनै अध्ययन संघीयता लागू गरियो । धर्मनिरपेक्ष बनाइयो, राजतन्त्र हटाइयो, जबकि राजतन्त्र लोकप्रिय थियो । अहिले भ्रष्टाचार संस्थाकरण भयो । पहिले एउटा राजा थिएह अहिले श्रीपेच नलगाउने, राज्याभिषेक नगर्ने, सरकारी ढुकुटी र सुविधा लुट्ने धेरै राजा भए । यी विकृतिहरूको अन्त्यका लागि प्रधानमन्त्री आफ्नो बोलीमा पक्का हुनुपर्‍यो ।

न्यूनतम साझा कार्यक्रम कुनै नयाँ होइन । प्रत्येक वर्ष संसद्सँग बजेट माग्न राष्ट्रपतिले सम्बोधन गर्ने कुराहरू न्युनतम साझा कार्यक्रममा दोहोर्‍याइएका छन् । सुझाव भनिएका कार्यहरू 'आइडल ब्रेन इज अ डेभिल्स वर्कसप' हुन् । सुझाव 'जनता नबुझ्ने छन् वा राष्ट्रपतिको सम्बोधन जनताले बिर्सिए, जनतालाई मूर्ख बनाउन सकिन्छ' भन्ने शैलीमा तयार भएको छ । सुझाव दिइएका कुराहरू ओलि दुई पटक प्रधानमन्त्री हुँदा लागू भैसक्नुपर्ने थियो । आज दिइएका सुझाव हिजो ओलीलाई लागू गर्न केले छेक्यो? सुझावमा न्यायपालिका सुधारका लागि आयोग गठन गर्ने कुरा छ । प्रशासनलाई सक्षम बनाउन उच्चस्तरीय आयाग बनाउने कुरा छ । प्रधानमन्त्री भैसकेका व्यक्तिले धारा १३६ अनुसार अदालतमा सुधार गर्न प्रधान न्यायाधीशबाहेक सरकारले सक्दैन भन्ने बुझेनछन् । प्रशासन सुधारतर्फ, कार्य विभाजन नियम र सुशासन (व्यवस्था तथा सञ्चालन) ऐन नियम र अन्य कानुन लागू गरिदिएमा सुझावका कुरा सबै समेटिन्छन् । सरकारले अदालतका लागि आयोग गठन गरि दिने हो भने न्यायमूर्ति हरिकृष्ण कार्कीको पछिल्लो प्रतिवेदन र त्यसभन्दा अगाडिका सबै प्रतिवेदन थन्किन्छन् । सुझाव कस्तो केटौले छ भने, पुस २७ गते पृथ्वीनारायण शाहको जन्मदिनमा बिदा दिनुलाई पनि न्यूनतम साझा कार्यक्रम भनिएको छ । प्रधानमन्त्री दाहालले साझा कार्यक्रमलाई जानकारीमा नलिएर आफ्नै घोषणापत्र लागू गर्नुपर्‍यो । यसरी काम गर्नुपर्‍यो कि, ओलीले 'अब मेरो पालो, कुर्सि छोड्नुपर्‍यो, होइन भने समर्थन झिक्छु' भन्ने आँट गर्न नसकून् ।

दाहालको चितवन प्रतिज्ञा

समस्या बेरोजगारी हो, उपचार औद्योगिक/आर्थिक विकास हो । उद्योग स्थापना र सञ्चालनका समस्याहरू हटाउनुपर्‍यो । कानुनहरूको कमी होइन, प्रयोग र कार्यान्वयनमा समस्या हो । निजी क्षेत्रको लगानीबाट मात्र औद्योगिक विकास सम्भव हुन्छ, सरकारले उद्योग सञ्चालन गर्न हुँदैन भन्ने बुझेरै २०१८ सालमा उद्योगीलाई चाहिने आवश्यक सबै सुविधा दिने गरी औद्योगिक व्यवसाय ऐन बन्यो । त्यसलाई परिमार्जन गरेर हाल औद्योगिक व्यवसाय ऐन-२०७३ लागू छ । ऐनले उद्योगीलाई दिनुपर्ने सुविधा सबै दिन्छ, तर सरकार राजस्वमुखी भयो । उद्योगहरू स्थापना भएमा रोजगारी बढ्छ, निर्यात बढ्छ, विदेशी मुद्रा आर्जन हुन्छ भन्ने उद्देश्यले ऐन बन्यो, तर 'रेड टेपिजम', 'बस्सिजम', 'अख्तियार' र कर्मचारीमा जागिर जाला भन्नेजस्ता डरले उद्योगीले ऐनले दिएका सुविधाहरू पाउन पनि सर्वोच्च अदालत धाउनुपर्ने अवस्था उत्पन्न भयो । यी व्यवधान हटाउने हो भने विकास हुन्छ ।

भारतमा उदारीकरणअगाडि उद्योग स्थापना र सञ्चालन गर्न उद्योगीले ४८ वटाभन्दा बढी टेबल धाउनुपर्थ्यो । पीभी नरसिंह राव र डा. मनमोहन सिंहको टिमले त्यसलाई करिब १२ वटामा झार्‍यो । अनि भारतमा आर्थिक विकासले फड्को मार्दै गयो । नेपालमा पनि उद्योग वाणिज्य संघजस्ता उद्योगका विज्ञ संस्थाहरूको परामर्शमा ऐन लागू गर्ने दिशामा सरकारले सहजीकरण गर्नुपर्‍यो ।

सुशासन

पासपोर्ट, नागरिकता पाउनु आदि राज्यको बक्सिस, दान, निगाह वा मर्जी होइनह यी कागजात बिनाझन्झट पाउनु नेपालीको जन्मसिद्ध अधिकार हो । यी कागजात नेपाली नागरिकले सहजै पाउनुपर्छ । त्यस्तै, नेपाल प्रहरी लगायत अन्य सुरक्षा निकायका तल्लो दर्जाका जवानहरूलाई ठूलाहरूले दुरुपयोग गरेर भान्से, नोकर, चालकका रूपमा दास बनाइरहेका छन् । नेताहरूको हस्तक्षेपले प्रहरीको मनोबल गिर्न थालेको, प्रहरीलाई ठूला भनिएका कथित नेता लगायत अवकाशवालाहरूले घरेलु काममा लगाएर दास बनाएर अपमान र शोषण गर्दै आएको २०४७ यतादेखि नै हो । यस्तो कार्य अपराधीकरण हुने कानुन बनाउनुपर्‍यो । त्यस्तो कानुनको नाम 'राष्ट्रसेवकलाई घरायसी काममा लगाउने निषेध गर्ने ऐन-२०७९' राखौं । घरायसी काममा लगाउनुलाई अपराध र सजायको व्यवस्था गरौं । अमेरिका, बेलायत, फ्रान्सजस्ता देशहरूमा कोही पनि सीमा सुरक्षा गर्न र आफू संसारकै 'बेस्ट फाइटिङ फोर्स' बन्न सैन्य सेवामा प्रवेश गर्छ । प्रहरीको जिम्मेवारी देशमा अपराध नियन्त्रण र शान्ति-सुरक्षा कायम गर्नु हो । त्यसैले सैनिक र प्रहरीलाई घरायसी काममा लगाउनु मानव अधिकारको उल्लंघन र शोषण हो । अमेरिकामा ट्रम्प सरकारका विदेशमन्त्री माइक पाम्पिओले एक पटक सडकमा गाडी रोकेर आफ्नो सुरक्षाकर्मीलाई रेस्टुराँमा खाना किन्न पठाए । मिडियाले देख्यो, तहल्का मच्चियो । पद जोगाउन उनलाई मुस्किल पर्‍यो । हाम्रा ज-जसले प्रहरी र सैनिकलाई सरकारी कामबाट वञ्चित गरेर निजी ड्राइभर, भान्से, नोकरचाकर, सुसारे, बगैंचे काममा लगाएर दास बनाए, ती सबको नाम पनि सार्वजनिक गर्नुपर्‍यो, ताकि अरूले यस्तो दुस्साहस नगरून् ।

सरकारी ढुकुटीबाट रकम बाँड्नु अपराध

पछिल्लो महिना कान्तिपुर दैनिकले देउवाले सरकारी ढुकुटीबाट रकम बाँडेको बारेमा जनतालाई सुसूचित गर्‍यो । आज सरकारी ढुकुटीको रकम नेताहरू र तिनका आसेपासेका लागि 'लुटको धन फुपूको श्राद्ध' भैरहेको छ । रकम बाँड्नमा देउवा कहलिएका छन् । पूर्वराष्ट्रपति रामवरण यादव र पूर्वप्रधानमन्त्री झलनाथ खनालले सरकारी ढुकुटीबाट रकम लिएको सार्वजनिक भयो । झलनाथले त सर्प पाल्न पनि सरकारी ढुकुटीबाट लाखौं लिएका छन्, उपचारका नाममा त्यति नै रकम पाएका छन् । एउटा गरिबले जीविका चलाउन कुखुरा पाल्नुपर्‍यो भने बैंकमा घरै धितो राखेर, समयमा कर्जा नतिरेमा घर लिलाम गर्ने कडा सर्तको तमसुक गरेर चर्को ब्याजमा ऋण लिनुपर्छ, तर झलनाथका नाममा सर्प पाल्न सरकारी ढुकुटीबाट रकम पाउने ? यही हो न्याय ? ठूला भनिएकाले प्रधानमन्त्रीलाई फोन गरेको भरमा मागेजति रकम पाउँछन् । सापटी होइन, पचाउने गरी दिइन्छ । रकम स्वीकृति दिने प्रधानमन्त्रीलाई सरकारी ढुकुटीबाट रकम बाँड्ने अधिकार आफूमा छैन, त्यस्तो कार्य भ्रष्टाचार हो, दशा बिग्रियो भने जेल जानुपर्छ भन्ने पनि मतलब हुँदैन ।

ओलीले पनि उपचारका लागि लाखौं लिएका छन् । अरू सिटामोल नपाएर मर्छन्, उनी सरकारी खर्चमा मृगौला प्रत्यारोपण गरेर नयाँ जीवन पाउँछन् । उनले देशलाई के दिए, थाहा छैन । योगदान हेर्ने हो भने सायद शून्य होला । केही अगाडि ओली 'मैले सबै सम्पत्ति सरकारलाई दिएँ, तपाईं पनि दिनुस्' भन्दै थिए । यदि त्यसरी दिने हो भने सरकारी ढुकुटीबाट लिएको १ करोड ५८ लाख कटाएर बाँकी दान गरिदिए हुन्थ्यो नि !

सरकारी ढुकुटी नेताहरूबाट कसरी दुरुपयोग भैरहेको छ भने छोराछोरीले क्यासिनोमा गएर लाखौं हारे वा रक्सी खाएर लाखौं पर्ने मोटर ध्वस्त पारे भने, देउवाजस्ता दयालु प्रधानमन्त्री हुने हो भने, मागेको भरमा सबै नोक्सान सरकारी ढुकुटीबाट असुल गरे हुने भयो । कतिले त्यस्तो गरे पनि होलान् ।

प्रधानमन्त्रीज्यू, सरकारी ढुकुटीबाट रकम बाँड्नु कुशासन र भ्रष्टाचार दुवै हो । अति मनपरि भयो यसलाई रोक्न एउटा कानुन बनाऔं, जसको नाम 'सरकारी ढुकुटीबाट रकम बाँड्ने काम अपराधीकरण गर्ने ऐन-२०७९' रहोस् । यस अनुसार सरकारी ढुकुटीबाट रकम दिने देउवाजस्ता प्रधानमन्त्री र लिने दुवैलाई ६ महिनाभित्र रकम फिर्ता गर्ने समय दिने प्रावधान राखौं । ६ महिनामा फिर्ता नगरे १ वर्षभित्र सरकारी बाँकीसरह असुल गर्ने व्यवस्था पनि राखौं । त्यत्ति अवधिभित्र पनि असुल नभए दिने प्रधानमन्त्री र लिने व्यक्तिलाई भ्रष्टाचारमा मुद्दा चलाउने कानुन बनाउनुपर्‍यो । विलम्ब नगरी यही संसद्मा विधेयक पेस गरौं ।

त्यस्तै, नीतिगत निर्णयमा अख्तियारले छानबिन गर्न नपाउने व्यवस्था तत्काल खारेज गरौं । अहिले नीतिगत निर्णयमा मन्त्रिपरिषद्लाई घूस खान खुला छ । साथै, २०४९ यता अवकाश भएका र हालसम्म बहाल भएका कम्तीमा राजपत्रांकित ओहोदासम्मका राज्यका तीनै अंग (न्यायाधीशहरूसहित) का पदधारीहरूको सम्पत्ति छानबिन र स्रोत खुलाउने आयोग बनाऔं ।

दाहालको तेजोबधमा ओलीको आत्मतुष्टि

गोविन्द अधिकारी

प्रधानमन्त्री पुष्पकमल दाहाललाई दिएको समर्थन रवि लामिछानेको पार्टीले आइतवार बिहानसम्म फिर्ता लिएको छैन । प्रधानमन्त्रीलाई गृह मन्त्रालय फिर्ता गर्न रविले दिएको म्याद भने शनिवारै सकियो । (म्याद पुग्ने दिन सार्वजनिक बिदा परेकाले रविले पनि दाहाललाई म्याद थपिदिएका हुन् कि ! अदालतलगायत सरकारी कामकाजमा बिदाको दिन सकिएको म्याद कार्यालय खुलेको पहिलो दिनसम्म कायम हुने परम्परा जो छ ।)

बैठक बसे पनि सरकार छाड्ने सम्बन्धमा निर्णय हुन सकेन रे ! सानदार गृहको सट्टा मालदार भौतिक दिएर कुरो मिलाउन खोजिएको छ रे । गृहमा सान र माल दुवै हुन्छ । भौतिकमा मालमात्रै । कांग्रेसको सिको गरेर आधा नदिएर पूरै गुमाउने हो कि पूरै गुमाउनुको साटो आधामा चित्त बुझाउने हो ? छिटै थाहा होला । प्रधानमन्त्री दाहाललाई दिएको समर्थन किन फिर्ता लिन खोजेको हो भन्ने विषयमा न त राष्ट्रिय स्वतन्त्र पार्टीले संस्थागतरूपमा न त्यस पार्टीका 'प्राधिकार' सभापति रवि लामिछानेले नै स्पष्ट केही सार्वजनिकरूपमा बताएका छन् । परन्तु, नागरिकतासम्बन्धी मुद्दा हारेपछि खारेजीमा परेको गृहमन्त्रीको पदमा पुन: नियुक्त नगरिएकाले रवि लामिछाने रिसाएका हुन् कि ?

नैतिक प्रश्न : स्वार्थको द्वन्द्व

रवि लामिछानेको राहदानीसम्बन्धी मुद्दा बाँकी नै छ । राहदानी काण्डको पनि छानबिन गृह मन्त्रालय मातहतकै निकायबाट हुने हो । राहदानीको छानबिनमा कसुर देखिए सरकारवादी फौजदारी मुद्दा दायर हुन्छ । त्यस्तो जटिल अवस्थामा भएको व्यक्ति वा निजको दलको कुनै सदस्यलाई गृह मन्त्रालय दिनु सामान्यत: उचित हुँदैन । सम्भवत: नेपालबाहेक लोकतान्त्रिक शासन प्रणाली भएको कुनै पनि मुलुकमा यस प्रकारको अभ्यास भएको पनि छैन ।

गृह राष्ट्रिय सुरक्षासँग जोडिएको अत्यन्त संवेदनशील मन्त्रालय हो । धेरै देशमा यसलाई 'आन्तरिक सुरक्षा मन्त्रालय' भन्ने गरिन्छ । अवैध नागरिकताको प्रयोग गरेर राहदानी बनाउने, चुनाव लड्नेजस्ता क्रियाकलाप नेपालको कानुनअनुसार सरकारवादी फौजदारी अपराध हुन् । नागरिकताको विषयमा त सर्वोच्च अदालतले किनारा लगायो । रविको पुरानो नागरिकता खारेज भयो । तुरुन्तै उनले नयाँ नागरिकताको प्रमाणपत्र लिए । नागरिकताको प्रमाणपत्र अवैध हुँदा गएको पद वैध नागरिकता लिनेबित्तिकै फिर्ता पाउनुपर्ने उनको र उनका मेन्टर खड्गप्रसाद ओली, उनको पार्टीका समर्थकहरूको तर्क देखिन्छ ।

लोकतन्त्रमा शक्ति पृथकीकरणलाई महत्वपूर्ण अभ्यास मानिन्छ भने शासनका क्रममा 'स्वार्थको द्वन्द्व' रोक्ने पनि विशेष प्रयास हुन्छ । विडम्बना, 'सुशासन'को नारा दिएर चुनाव जितेका रविहरूले पो 'स्वार्थको द्वन्द्व'लाई बढी उपेक्षा गरेको देखियो । केही महिना पहिले अर्थ मन्त्रालयमा बाहिरका व्यक्तिले बजेटमा करको दर हेरफेर गरेको समाचार सार्वजनिक भएपछि छानबिन गरियो । छानबिन चल्दासम्म तत्कालीन अर्थमन्त्रीले पदबाट राजीनामा दिए । छानबिन कस्तो भयो त्यो अर्को विषय हो तर कम्तीमा आफूमाथि छानबिन हुँदा पद त छाडे ।

अहिले त 'नाइ आमा मलाई त्यही केटी चाहिन्छ' शैलीमा गृह मन्त्रालय कब्जा नै गर्न भैं हठ पो गरिएको छ । यो मूलत: नैतिकताको विषय हो । 'स्वार्थको द्वन्द्व'लाई यसरी बेवास्ता गर्नेहरूले नैतिकताको उच्चारण कुन मुखले गर्ने हो ? अहिले राष्ट्रिय स्वतन्त्र पार्टीको क्रियाकलाप र टिप्पणी हेर्दा २०५२-२०५५ को राष्ट्रिय प्रजातन्त्र पार्टीको सम्झना हुन्छ । मध्यावधि निर्वाचनमा राप्रपाले 'चमत्कार' गरेको थियो । नेपाली कांग्रेस र नेकपा (एमाले) राप्रपालाई 'किङमेकर'बाट 'किङ पिन' बनाउने होडमा लाग्दा राप्रपाका नेताहरू पालैपालो प्रधानमन्त्री बनाइए । संसदीय व्यवस्थाका यावत् विकृति त्यति बेला देखिएका थिए । अहिले रास्वपामा पनि त्यही झलक देखिएको छ ।

ओलीको अहंकार

नेपाल कम्युनिस्ट पार्टी (एमाले)का प्राधिकार अध्यक्ष खड्गप्रसाद शर्मा ओलीको बोलीमा दम्भको मात्रा अलिकति बढी नै ध्वनित हुन्छ । कहिले काहीँ त लाग्छ फ्रान्सका सर्वसत्तावादी राजा लुई १४औंले जस्तै ओली पनि आफूलाई नै राज्य ठान्छन् । अहिले उनका 'चेला' रवि लामिछानेलाई गृहमन्त्री नबनाए सरकार ढल्ने डर सार्वजनिकरूपमै देखाउन थालेका छन् । यही क्रममा सरकार संकटमा परे 'असाधारण अस्थिरता' सुरू हुन्छ भनेछन् ओलीले । लोकतान्त्रिक मूल्य र नैतिकता बिर्सेर अभियुक्तलाई नै तालुकवाला मन्त्री बनाउँदा नभएको अस्थिरता अरू कुन बेला होला र ? संसद्को सबैभन्दा ठूलो र देशकै जेठो पार्टी नेपाली कांग्रेसप्रति त ओलीको टिप्पणी धेरैजसो छुद्र रहिआएकै छन् । उनले आफूसँग नमिल्ने अरू कम्युनिस्ट नेताहरूलाई पनि उसरी नै छुद्र वचनमा घोचपेच गरिरहेकै हुन्छन् । रमाइलो चाहिँ संस्थापनको विपक्षमा हुने कांग्रेसीहरू पनि ओलीकै बोलीमा लोली मिलाउन तम्सिहाल्छन् ।

सुशील कोइरालाका पालामा देउवाका 'लप्टन'हरू ओलीजस्तै सुनिन्थे । अहिले देउवा विरोधीहरू रमाएका होलान् । 'लुतो कन्याउँदा' जस्तो आनन्द त होला तर त्यसले नेपाली राजनीतिमा अपसंस्कार बढाएको छ । संस्कृति बदल्न समय लाग्छ तर संस्कार बदल्न सकिँदैन । यसैले नेपालको राजनीतिलाई यति छुद्र नबनाए हुन्थ्यो ! अहिले ओली एकातिर नेपाली कांग्रेसका नेताहरूको बदख्वाइँमा लागेका छन् भने अर्कातिर प्रधानमन्त्री पुष्पकमल दाहालको तेजोबध गर्न । यसले ओलीलाई आत्मतुष्टि त होला तर भलो भने कसैको हुने देखिँदैन । हुनत, छँदाखाँदाको एकछत्र शासन सत्ता गुमाउनु परेको पीडा ओलीजस्ता 'इखालु' मानिसले बिर्सने कुरै होइन ।

कतै दाहाललाई प्रधानमन्त्रीमा समर्थन गर्दा नै उनले यो व्यूह रचेका पो थिए कि ? यही कारणले सरकारमा दाहालसँग वैचारिक दृष्टिले नजिक नेकपा (एकीकृत समाजवादी) र जनता समाजवादी पार्टीलाई पर धकेल्ने षड्यन्त्र गरेका त हैनन् ? अनि संविधान नमान्ने राष्ट्रिय प्रजातन्त्र र अराजकताको जगमा उभिएको राष्ट्रिय स्वतन्त्र पार्टीलाई सरकारका मुख्य स्तम्भ त्यसै बनाएका त पक्कै हैनन् ।

शल्य बिर्साउने शैली

अहिले ओलीको चरित्र महाभारतका शल्यको जस्तो देखिन्छ । कर्णको रथ त हाँक्ने तर उनको तेजोबध पनि गरिरहने । संसदीय प्रणालीमा प्रधानमन्त्रीलाई यसरी हेप्नु शुभ संकेत होइन । तर, ओलीले भने प्रधानमन्त्री दाहालमाथि प्रत्यक्ष परोक्ष कटाक्ष नगरेको दिनै छैन । राजनीतिमा यस्ता कुटिल चलखेल देखेपछि कर्मचारीहरू सकेसम्म जोगिने र पन्छिने गर्छन् । राजनीतिक नेतृत्वलाई टालटुलमा अल्झाउने र व्यक्तिगत लाभ हुने काममा मात्र अगाडि सर्ने गर्छन् ।

(साभार: बाह्रखरी)

४२ दिनमै सरकारबाट बाहिरियो रास्वपा

काठमाडौं/सरकारमा सहभागी भएको ४२ औं दिनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) बाहिरिएको छ । आइतबार साँझ रास्वपाका मन्त्रीद्वय डीपी अर्याल र शिशिर खनाल तथा राज्यमन्त्री तोसिमा कार्कीले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई भेटेर राजीनामा पत्र बुझाएका छन् । आइतबार दिउँसो पार्टी कार्यालय, बसुन्धरामा बसेको रास्वपा केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठकले समर्थन जारी राख्ने, तर सरकार छाड्ने निर्णय गरेको थियो ।

नेताहरुका अनुसार सरकार छाड्ने निर्णयमा पुनुको मुख्य कारण गृह मन्त्रालय नदिनु नै हो । तर प्रधानमन्त्री प्रचण्डलाई २६ पुसमा नेपाली कांग्रेसले विश्वासको मत दिएसँगै गठबन्धनमा खटपट सुरु भइसकेको थियो र त्यसको मारमा आफूहरु पर्न थालेको रास्वपाका नेताहरु बताउँछन् ।

१० पुसको विहानसम्म पनि कांग्रेस सभापति शेरबहादुर देउवा आफूलाई प्रधानमन्त्री बनाउन तयार नभएपछि प्रचण्डले गठबन्धन बदलेका थिए । र उनलाई प्रधानमन्त्री बनाउन संसदमा २० सिट भएको रास्वपा 'निर्णायक' बनेको थियो । त्यही कारण ११ पुसमा ७ सदस्यीय मन्त्रिपरिषद् गठन गर्दा प्रधानमन्त्री प्रचण्डले रास्वपाका सभापति रवि लामिछानेलाई उपप्रधानमन्त्री तथा गृहमन्त्री बनाएका थिए ।

तर प्रधानमन्त्रीले विश्वासको मत लिने दिनसम्म पुरदा नपुरदै गठबन्धनमा खटपट सुरु भइसकेको थियो । संसदको पहिलो बैठकमै एमाले अध्यक्ष केपी शर्मा ओलीले विगतमा आफूले गरेको प्रतिनिधिसभा विघटन सही थियो भन्दै बचाउ गरे भने प्रधानमन्त्री प्रचण्डले फरक मत राखे । भोलिपल्ट कांग्रेसले विश्वासको मत दिएपछि सत्ता गठबन्धनमा

एकअर्कामाथि आशंका भन् बढ्यो । त्यसको मारमा आफूहरु परेको रास्वपाका नेताहरु बताउँछन् । उनीहरुका अनुसार रास्वपालाई ४ मन्त्रालय दिने सहमति भएको थियो । तर सुरुमा मन्त्रीहरुको नियुक्तिमा आनाकानी भयो, बल्ल बल्ल मन्त्रिपरिषद् विस्तार हुँदा पनि रास्वपाले ३ मन्त्री र एक राज्यमन्त्री मात्र पायो । रास्वपाका एक सांसद भन्छन्, 'राष्ट्रिय योजना आयोगको नियुक्तिमा हामीसँग कुनै सल्लाह भएन । हामीले जिम्मेवारी पाएको मन्त्रालय मातहतका नियुक्तिमा समेत हस्तक्षेप हुन थाल्यो ।'

त्यही बेला (१३ माघमा) नागरिकता विवादसम्बन्धी मुद्दामा सर्वोच्च अदालतले सांसद पद खारेज गरिदिएपछि रवि उपप्रधानमन्त्री तथा गृहमन्त्रीबाट पदमुक्त भए । दुई दिनपछि पुन: नेपाली नागरिकता लिएका रवि फेरि सरकारमा फर्किन चाहन्थे । प्रक्रियागत त्रुटिका कारण सांसद पद खारेज भएकाले फर्किन मिल्न भन्ने लागेको रवि स्वयंले आइतबार पत्रकार सम्मेलनमा स्वीकार गरेका छन् । उनले भने, 'त्यसमा मेरो सासै अड्किएको चाहिँ थिएन ।'

प्रधानमन्त्री प्रचण्डले भने रविलाई फर्काउन चाहेनन् भने रास्वपाका अरु सांसदलाई पनि गृहमन्त्री दिन नसक्ने बताए । 'उच्चस्तरीय राजनीतिक संयन्त्रले गृह मन्त्रालय हामीलाई दिएको थियो', रास्वपाका एक सांसद भन्छन्, 'कानुनी अड्चन आउनासाथ तपाईंलाई पो दिएको, अरुलाई नहोला भन्न थाल्नुभयो ।'

त्यसै पनि हतारिएर सरकारमा गएको भन्दै पार्टीमा सानै स्वरमा भए पनि असन्तुष्टि थियो । रास्वपा नेताहरुका अनुसार बढ्दो अविश्वासका कारण सत्तारुढ गठबन्धन कुन बेला भत्किने हो भन्ने टुंगो छैन । त्यसमाथि दुई ठूला दल एमाले र माओवादीबाट पदमुक्त भए । दुई दिनपछि पुन: नेपाली नागरिकता लिएका रवि फेरि सरकारमा फर्किन चाहन्थे । प्रक्रियागत त्रुटिका कारण सांसद पद खारेज भएकाले फर्किन मिल्न भन्ने लागेको रवि स्वयंले आइतबार पत्रकार सम्मेलनमा स्वीकार गरेका छन् । उनले भने, 'त्यसमा मेरो सासै अड्किएको चाहिँ थिएन ।'

प्रधानमन्त्री प्रचण्डले भने रविलाई फर्काउन चाहेनन् भने रास्वपाका अरु सांसदलाई पनि गृहमन्त्री दिन नसकने बताए । 'उच्चस्तरीय राजनीतिक संयन्त्रले गृह मन्त्रालय हामीलाई दिएको थियो', रास्वपाका एक सांसद भन्छन्, 'कानुनी अड्चन आउनासाथ तपाईंलाई पो दिएको, अरुलाई नहोला भन्न थाल्नुभयो ।'

त्यसै पनि हतारिएर सरकारमा गएको भन्दै पार्टीमा सानै स्वरमा भए पनि असन्तुष्टि थियो । रास्वपा नेताहरुका अनुसार बढ्दो अविश्वासका कारण सत्तारुढ गठबन्धन कुन बेला भत्किने हो भन्ने टुंगो छैन । त्यसमाथि दुई ठूला दल एमाले र माओवादीबाट पदमुक्त भए । दुई दिनपछि पुन: नेपाली नागरिकता लिएका रवि फेरि सरकारमा फर्किन चाहन्थे । प्रक्रियागत त्रुटिका कारण सांसद पद खारेज भएकाले फर्किन मिल्न भन्ने लागेको रवि स्वयंले आइतबार पत्रकार सम्मेलनमा स्वीकार गरेका छन् । उनले भने, 'त्यसमा मेरो सासै अड्किएको चाहिँ थिएन ।'

प्रधानमन्त्री प्रचण्डले भने रविलाई फर्काउन चाहेनन् भने रास्वपाका अरु सांसदलाई पनि गृहमन्त्री दिन नसकने बताए । 'उच्चस्तरीय राजनीतिक संयन्त्रले गृह मन्त्रालय हामीलाई दिएको थियो', रास्वपाका एक सांसद भन्छन्, 'कानुनी अड्चन आउनासाथ तपाईंलाई पो दिएको, अरुलाई नहोला भन्न थाल्नुभयो ।'

त्यसै पनि हतारिएर सरकारमा गएको भन्दै पार्टीमा सानै स्वरमा भए पनि असन्तुष्टि थियो । रास्वपा नेताहरुका अनुसार बढ्दो अविश्वासका कारण सत्तारुढ गठबन्धन कुन बेला भत्किने हो भन्ने टुंगो छैन । त्यसमाथि दुई ठूला दल एमाले र माओवादीबाट पदमुक्त भए । दुई दिनपछि पुन: नेपाली नागरिकता लिएका रवि फेरि सरकारमा फर्किन चाहन्थे । प्रक्रियागत त्रुटिका कारण सांसद पद खारेज भएकाले फर्किन मिल्न भन्ने लागेको रवि स्वयंले आइतबार पत्रकार सम्मेलनमा स्वीकार गरेका छन् । उनले भने, 'त्यसमा मेरो सासै अड्किएको चाहिँ थिएन ।'

प्रधानमन्त्री प्रचण्डले भने रविलाई फर्काउन चाहेनन् भने रास्वपाका अरु सांसदलाई पनि गृहमन्त्री दिन नसकने बताए । 'उच्चस्तरीय राजनीतिक संयन्त्रले गृह मन्त्रालय हामीलाई दिएको थियो', रास्वपाका एक सांसद भन्छन्, 'कानुनी अड्चन आउनासाथ तपाईंलाई पो दिएको, अरुलाई नहोला भन्न थाल्नुभयो ।'

त्यसै पनि हतारिएर सरकारमा गएको भन्दै पार्टीमा सानै स्वरमा भए पनि असन्तुष्टि थियो । रास्वपा नेताहरुका अनुसार बढ्दो अविश्वासका कारण सत्तारुढ गठबन्धन कुन बेला भत्किने हो भन्ने टुंगो छैन । त्यसमाथि दुई ठूला दल एमाले र माओवादीबाट पदमुक्त भए । दुई दिनपछि पुन: नेपाली नागरिकता लिएका रवि फेरि सरकारमा फर्किन चाहन्थे । प्रक्रियागत त्रुटिका कारण सांसद पद खारेज भएकाले फर्किन मिल्न भन्ने लागेको रवि स्वयंले आइतबार पत्रकार सम्मेलनमा स्वीकार गरेका छन् । उनले भने, 'त्यसमा मेरो सासै अड्किएको चाहिँ थिएन ।'

प्रधानमन्त्री प्रचण्डले भने रविलाई फर्काउन चाहेनन् भने रास्वपाका अरु सांसदलाई पनि गृहमन्त्री दिन नसकने बताए । 'उच्चस्तरीय राजनीतिक संयन्त्रले गृह मन्त्रालय हामीलाई दिएको थियो', रास्वपाका एक सांसद भन्छन्, 'कानुनी अड्चन आउनासाथ तपाईंलाई पो दिएको, अरुलाई नहोला भन्ने डर थियो, बस्नु हुन्न भन्नेमा पुग्यौं ।'

पार्टीको निर्णयसँगै शिक्षामन्त्रीबाट राजीनामा दिएका रास्वपा सांसद शिखर खनाल जुन सहमतिका साथ सरकारमा गएको हो, त्यसमा विचलन आउन थालेको महसुस भएको बताउँछन् । उनले अघि भने, 'ठूलो पार्टीहरुबीचको शक्ति संघर्ष पनि छँदैछ । यस्तो बेला हाम्रो कारणले राजनीतिक कोर्स नयाँ ढंगले अगाडि बढ्ने अवस्था नबनोस् भन्ने सुझबुझका साथ निर्णय लिएका हौं ।'

नेताहरूका अनुसार शनिबार साँझ भएको छलफलमा पार्टीका सबै नेताहरु सरकार छाड्ने मनस्थितिमा पुगेका थिए । आइतबार समर्थन समेत फिर्ता लिने कि सरकार मात्र छाड्ने भन्ने छलफल भयो । समर्थन पनि फिर्ता लिँदा गठबन्धन भत्काएको अपजस आउने भएपछि सरकार मात्र छाड्ने निर्णय गरेको नेताहरु बताउँछन् ।

सांसद मनिष झा पनि सरकार छाड्ने, तर समर्थन कायमै राख्ने निर्णय रणनीतिक भएको स्वीकार गर्छन् । उनी भन्छन्, 'हामीले मैत्रीपूर्ण टेबल टेनिस खेलिरहेका थियौं । उहाँहरुले त चेस खेल्न थाल्नुभएपछि हामीले पनि चेस नै खेल्ने निर्णय गरेका हौं ।'

डेढ महिनामै सत्तामा फुट

रास्वपाले सरकार छाडेसँगै १० पुसमा बनेको सत्ता गठबन्धनमा फुट आएको छ । भलै रास्वपाले समर्थन कायमै राखेका कारण प्रधानमन्त्री प्रचण्डले संसदमा फेरि विश्वासको मत लिनु पर्दैन । तर पहिलो चुनावमै १९ सिट (रवि पदमुक्त भएपछि) भएको संसदको चौथो दलले सरकारमा सहभागी भएको डेढ महिनामै सरकार छाड्नु उनका लागि सकारात्मक होइन ।

प्रचण्डले भने फेरि रास्वपासँग सम्वाद गर्ने बताएका छन् । 'सत्ता साझेदारबीचको एकतालाई त जसरी पनि बचाउनुपर्छ भन्ने नै हो मेरो' आइतबार संघीय संसद भवनमा पत्रकारहरुसँग प्रचण्डले भने, 'अदालतको निर्णयपछि पक्कै पनि उहाँहरु (रास्वपा)लाई अलि असहज त भएकै थियो । अब उहाँसँग (रवि लामिछानेसँग) फेरि भेटेर कुरा गर्छु ।'

माओवादी नेताहरु भने हतार नगर्ने बताउँछन् । उनीहरुका अनुसार अहिले रास्वपाले छाडेका मन्त्रालयहरुमा जनता समाजवादी र एकीकृत समाजवादीलाई ल्याउने विकल्प खुला छ । तर राजनीतिक परिस्थितिलाई हेरेर राष्ट्रपति निर्वाचनसम्म पर्खिने सम्भावनारहेको माओवादीका एक पदाधिकारीले बताए ।

(स्रोत: अनलाइनखबर)

मनिषा कोइराला नेपाली फिल्ममा फर्किन तयार

काठमाडौं/बलिउड इन्डस्ट्रीमा सम्मानित छवि बनाएकी अभिनेत्री मनिषा कोइराला पाठेघरको क्यान्सरलाई जितेपछि अभिनयमा सक्रिय छिन् । उनी अभिनीत नयाँ बलिउड फिल्म 'शहजादा' फेब्रअरी १७ तारिखबाट प्रदर्शनमा आउँदैछ । फिल्ममा उनले अभिनेता कार्तिक आर्यनको आमाको भूमिका निर्वाह गरेकी छन् । भारतमा कार्तिक फिल्मको प्रचार-प्रसारमा दौडिरहँदा मनिषा भने नेपालमा छिन् ।

शुक्रबार दरबार सिनेम्याक्समा डा. कपिल रिजालद्वारा निर्देशित फिल्म 'ह्यारी कि प्यारी' हेर्न पुगेकी उनले नेपाली फिल्ममा फर्किने इच्छा व्यक्त गरिन् । एक पत्रकारले अब नेपाली फिल्म पनि काम गर्ने होइन ? भनेर सोधेको प्रश्नमा उनले संक्षिप्त जवाफ फर्काइन्, 'किन नगर्ने र ? गर्ने नि । राम्रो आयो भने गर्ने ।' अहिले नेपाली फिल्म स्तरीय बन्न थालेकोमा पनि उनले खुसी व्यक्त गरेकी छन् ।

उनले 'ह्यारी कि प्यारी' आफूलाई एकदमै अनौठो र राम्रो लागेको पनि प्रतिक्रिया दिएकी छन् । 'निर्देशक कपिल रिजालको पहिलो निर्देशकिय फिल्म जस्तो लाग्दैन । काममा व्यवसायिकता देखिन्छ । उहाँले अत्यन्त राम्रो काम गर्नुभएको छ । जितु र साम्राज्ञीको जोडी अनौठो लाग्यो र सुन्दर पनि,' मनिषाले भनिन् । उनले लामो समयपछि हल पुगेर नेपाली फिल्म हेरेको जानकारी प्राप्त छ ।

मनिषाले फिल्म 'सौदागर' बाट बलिउडमा डेब्यू गर्नुभन्दा अगाडि सन् १९८९ मा नेपाली फिल्म 'फेरि भेटौंला'बाट अभिनेत्रीको रुपमा डेब्यू गरेकी थिइन् । यसपछि उनले सन् २०१० मा अभिनेता राजेश हमालको जोडी बनेर फिल्म 'धर्मा'मा काम गरिन् । यसपछि पनि उनलाई धेरै नेपाली फिल्मबाट प्रस्ताव पुगेका थिए । तर, बलिउड फिल्मको व्यस्तताले गर्दा उनले समय निकाल्न सकिनन् ।

'हेल्लो जिन्दगी'ले जित्यो ८ वटा अन्तर्राष्ट्रिय अवार्ड

काठमाडौं/गत चैतमा प्रदर्शनमा आएको एभरेष्ट सूर्य बोहराद्वारा निर्देशित तथा विक्रम डि जोशीद्वारा निर्मित फिल्म 'हेल्लो जिन्दगी' सर्वाधिक अन्तर्राष्ट्रिय अवार्ड जित्ने पहिलो नेपाली फिल्म बनेको छ । नेपालमा सार्वजनिक प्रदर्शनी पश्चात् विभिन्न अन्तर्राष्ट्रिय फेस्टिभलहरुमा सहभागिता जनाएको फिल्मले अहिलेसम्म ८ वटा अन्तर्राष्ट्रिय अवार्ड प्राप्त गरिसकेको निर्देशक बोहराले जानकारी दिएका छन् ।

भारतको गान्तोक इन्टरनेशनल फिल्म फेस्टिभल, रोयल सोसाइटी अफ टेलिभिजन एण्ड मोशन पिक्चर्स अवार्डस्, ब्ल्याक स्वान इन्टरनेशनल फिल्म फेस्टिभल, गोल्डेन फर्न फिल्म अवार्डस, जयसालमेर इन्टरनेशनल फिल्म फेस्टिभलसँगै फिल्मले सिंगापुरको वर्ल्ड फिल्म कार्निभल, अमेरिकाको क्यालिफोर्नियामा सम्पन्न सन जोस इन्डिपेन्डेन्ट फिल्म फेस्टिभलमा अवार्ड जितिसकेको छ ।

निर्माता जोशीले एलए फेस्टिभल सिनेमा लस एन्जेलस, लण्डन इन्डिपेन्टेन्ट फिल्म फेस्टिभल, क्यान्स फिल्म अवार्डस, डुब्लिन मुभी अवार्ड तथा लण्डन इन्टरनेशनल सर्ट फिल्म फेस्टिभललगायतका अन्य अन्तर्राष्ट्रिय फेस्टिभलहरुमा समेत फिल्म प्रतिस्पर्धी रहेको जानकारी दिए । निर्देशक बोहरा आफूहरुको मिहिनेतले अन्तर्राष्ट्रियस्तरमा सम्मान पाउँदा हौसला र उत्साह मिलेको बताउँछन् ।

विक्रमसँगै फिल्ममा प्रियंका कार्की, दीपिका प्रसाईं, विक्रान्त वस्नेत, विल्सन विक्रम राई, सविता गुरुङलगायतको मुख्य भूमिका छ । निर्देशक बोहराकै कथा, पटकथा तथा गीत लेखन रहेको फिल्मको कार्यकारी निर्मातामा सुजना जोशी महर्जन र सह-निर्मात्रीमा सबिता गुरुङ छिन् । 'हेल्लो जिन्दगी'ले व्यवसायिक सफलता हासिल नगरे पनि निर्माता जोशी चाँडै नयाँ फिल्म निर्माण गर्दैछन् ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?
Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark
एक वर्षको वारेन्टीका साथै दुई वर्ष फ्रि सर्भिस पनि गरिन्छ प्रिन्टर किन्दा एउटा कार्टेज सित्तैमा लैजानुहोस् ।
Printer Shop
The complete office solution
Contact No. 9845292140,
057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

नेपालमा कलेजो प्रत्यारोपण :

विकास भयो, गति लिन सकेन

काठमाडौं/प्रा.डा. रमेश सिंह भण्डारीले एक दशक अगाडि नै सपना देखेका थिए-नेपालमा कलेजो प्रत्यारोपणलाई स्थापित गरेरै छोड्छु । सुरुको वर्ष चार-पाँच जना र त्यसपछि वार्षिक १०-१२ जना बिरामीमा कलेजो प्रत्यारोपण गर्ने । अनि जनशक्ति र पूर्वाधार विकास गर्दै नेपालमा कलेजो प्रत्यारोपण सेवालाई दिगो बनाउने । तर, उनको अपेक्षा अनुरूप कलेजो प्रत्यारोपण सेवा अगाडि बढ्न सकेको छैन ।

१९ वर्षीय छोराले कलेजो दान गरेपछि २०७९ पुस ३० गते त्रिवि शिक्षण अस्पताल महाराजगञ्जमा कैलाली, टीकापुर का ५२ वर्षीय नन्दराज खनालमा प्रत्यारोपण भयो । चार वर्षमा भएको नवौं कलेजो प्रत्यारोपण हो यो । ६ वर्षको तयारीपछि शिक्षण अस्पतालमा पहिलो पटक २०७६ जेठ १८ मा कलेजो प्रत्यारोपण सफल भएको थियो ।

अंग प्रत्यारोपणमध्ये कलेजो प्रत्यारोपणलाई बढी जटिल मानिन्छ । नेपालमा वार्षिक २०० हाराहारी कलेजो प्रत्यारोपण गर्नुपर्ने बिरामी रहेको अनुमान छ । प्रत्यारोपण सेवालाई दिगो बनाउन नसके नेपालमा पीडा बढ्ने कलेजो र ग्यास्ट्रो सर्जन प्रा.डा. भण्डारी बताउँछन् ।

आजभोलि उनी सोच्छन्-देशमा बल्लतल्ल सुरु भएको कलेजो प्रत्यारोपण सेवा बन्द त हुने होइन ! 'पहिलो वर्ष ४-५ प्रत्यारोपण गर्न सक्छौं भन्ने थियो, पहिलो ६ महिनामा ४ जनामा प्रत्यारोपण गर्न सक्यौं' उनी भन्छन्, 'कोभिडपछि केही प्रत्यारोण भए पनि लक्ष्यअनुसार सेवा बढाउन सकिएन ।'

शिक्षणमै कलेजो प्रत्यारोपण हुन्छ भन्ने सन्देश बिरामीमाझ नपुग्नु, पुगे पनि नेपाली विशेषज्ञ टिमको क्षमतामा विश्वास स्थापित हुन नसक्नुलगायत कारण पनि सेवा विस्तारमा बाधक बनेको प्रा.डा. भण्डारी बताउँछन् ।

त्यसबाहेक कलेजो लिने-दिने व्यक्तिको रक्तसमूह, कलेजोको आकार, शरीरको बनावट, कानुनले निर्धारण गरेको पारिवारिक नाता नमिल्नुलगायत अवरोध पनि छँदैछ ।

'अस्पतालमा आएका बिरामीहरू पनि कोही अंगदाता नभएर, कोही पैसाको अभावमा

कलेजो प्रत्यारोपण गर्न सकिरहेका छैनन्' प्रा.डा. भण्डारी भन्छन्, 'यावत् कारणले प्रत्यारोपण गर्न बिरामी नपाइएला भन्ने आकलन गरिएको थिएन ।'

सन् २००९ मा अष्ट्रेलियामा लिभर सर्जरी अध्ययन गर्दा उनलाई लागेको थियो- नेपालमा पनि कलेजो प्रत्यारोपण सम्भव छ । एकवर्षे अध्ययन सकेर फर्किएपछि उनी प्रत्यारोपण सेवाका लागि टिम तयारीमा लागे । टिम पनि तयार भयो, तर निराश बनाउने प्रश्न आउँथ्यो- टिकाउन सक्छौं ?

सहकर्मी हरूको यो प्रश्नलाई प्रा.डा. भण्डारीले चुनौतीको रूपमा लिए । अहिलेका सबैजसो कलेजो प्रत्यारोपण सफल हुँदा उनको आत्मविश्वास पनि बढ्यो । आत्मविश्वासलाई दिगो बनाउन पर्याप्त बिरामी नपाउँदा भने अन्योल पनि थपिएको छ ।

धनी परिवारका बिरामीहरू भारतलगायत देश गएर प्रत्यारोपण गराउँछन् । आर्थिक स्रोत नहुनेहरूले भने नेपालमै पाइने उपचार सेवा पनि उपयोग गर्न नसकेर मृत्युवरण गर्नुपर्ने अवस्था छ ।

'महिनामा दुईजनासम्म बिरामीको कलेजो प्रत्यारोपण गर्ने जनशक्ति र प्रविधि हामीसँग छ, तर वार्षिक करिब ५० जना बिरामी भारत गएर प्रत्यारोपण गराइरहेका छन्' प्रा.डा. भण्डारी भन्छन्, 'उनीहरूलाई रोक्न सक्दा ठूलो रकम नेपालमै रहन्छ । तर, त्यसका लागि अहिलेको जनशक्ति, प्रविधि र पूर्वाधार अपुग हुन्छ ।'

निजी अस्पतालहरूले अहिले नै कलेजो प्रत्यारोपणमा आँट गर्ने सम्भावना उनले देखेका छैनन् । किनकि, यसमा लाग्ने २५ लाखदेखि ३५ लाख रुपैयाँसम्म खर्च बिरामीबाट लिएर मात्र पूर्ति हुन गाह्रो छ । अरू उपचारमा भएको नाफा यसमा खर्च गर्नुपर्ने हुन्छ । अस्पताल र चिकित्सक नि:शुल्क भए पनि उपकरणमै ठूलो रकम खर्च हुन्छ ।

'कलेजो प्रत्यारोपण सेवा थाल्ने गाह्रो हुन्छ । त्यसलाई जारी राख्न पनि सहज नहुने पूर्वानुमान गरिएकै विषय हो' प्रा.डा. भण्डारी भन्छन्, 'हामीलाई पहिलो प्रत्यारोपण नै सफल नहोला भन्ने डर थियो, अहिले सेवालाई दिगो बनाउन सकिन्न कि भन्ने अन्योल छ ।'

कलेजो प्रत्यारोपण सेवाका लागि सरकारले आर्थिक सहुलियत र मस्तिष्क मृत्युसम्बन्धी कानुन सहज बनाउनुपर्ने उनको भनाइ छ । मिर्गौला जस्तै कलेजो रोगमा पनि केही आर्थिक सहयोग भए प्रत्यारोपण गराउने बिरामीको संख्या बढ्ने उनी बताउँछन् ।

'मस्तिष्क मृत्युसम्बन्धी कानुन सहज भए पनि मस्तिष्क मृत्यु भएकाहरूको कलेजो जिउँदा बिरामीमा प्रत्यारोपण गर्न सकिन्यो' प्रा.डा. भण्डारी भन्छन्, 'त्यसबाट कलेजो प्रत्यारोपण गर्ने बिरामीको संख्या अवश्य पनि बढ्नेथियो ।'

उनका अनुसार, भारतमा कलेजो प्रत्यारोपण नेपालभन्दा करिब तीन गुणा बढी महँगो छ । अस्पतालमा हुने यो खर्चबाहेक बिरामी कुरुवालगायत अनेकन खर्च जोडिन्छ । 'यहाँ हामीलाई कलेजो प्रत्यारोपण सेवा विस्तार गर्न सकस परिरहेको बेला बिरामीहरू ठूलो थैलीसहित भारत गइरहेका छन्' उनी भन्छन्, 'नेपालमा चाहिं कतिपय चिकित्सक नै टिचिङमा पनि कलेजो प्रत्यारोपण हुन्छ र भनेर सोध्ने अवस्था छ ।'

अवस्था प्रतिकूल नै भए पनि ठूलो सपना बोकेर थालेको यो सेवालाई विस्तार गरेरै छाड्नेमा छन् प्रा.डा. भण्डारी । 'हिजो चुनौती थियो आज पनि छ' उनी भन्छन्, 'नेपालमा मिर्गौला प्रत्यारोपण स्थापित भए जसरी नै कलेजो प्रत्यारोपणलाई पनि दिगो बनाउने हो । त्यसका लागि छुट्टै सेन्टर विकास गर्नुपर्छ ।'

६ वर्षमा ९३ प्रत्यारोपण

नेपालमा कलेजो प्रत्यारोपण अझै पनि विदेशी विज्ञ चिकित्सकको सहयोगमा भइरहेको छ । जटिल शल्यक्रियामा कम जोखिम लिन चिकित्सक समूहमा विदेशी विज्ञ राख्नुपरेको प्रा.डा. भण्डारी बताउँछन् ।

'शिक्षण अस्पतालमा हामीले हालसम्म नौ वटा सफल प्रत्यारोपण गरेका छौं' उनी भन्छन्, 'अझै पाँचवटा जति प्रत्यारोपणमा विदेशी विशेषज्ञ राख्ने सोच छ ।'

२०७३ सालयता नेपालमा २३ जनामा कलेजो प्रत्यारोपण भएको छ । यो सेवाका लागि मानव अंग प्रत्यारोपण केन्द्र भक्तपुर, शिक्षण अस्पताल महाराजगञ्ज र चितवन मेडिकल कलेज (सीएमसी)ले अनुमति पाएका छन् । भक्तपुरमा ८ र सीएमसीमा ६ जनामा कलेजो प्रत्यारोपण भएको छ ।

नेपालमा ६५ वर्षसम्मका मानिसले कानुनले तोकेको नाताभित्र स्वस्थ कलेजोको टुका दान गर्न सक्छन् । कलेजो आफै बढ्ने अंग भएकोले प्रत्यारोपण गरेको ६ महिनामा करिब ९० प्रतिशत विकसित हुन्छ । प्रत्यारोपण गरिएको बिरामीले पहिले जस्तै जीवन बिताउन सक्छन् ।

नेपालमा ६० प्रतिशत कलेजो रक्सी तथा हेपाटाइटिस बी र सीका कारण बिग्रेको पाइएको छ । धनी देशहरूमा भने हेपाटाइटिस सी र मधुमेहका कारण बोसो जमेर कलेजो बिग्रने गरेको छ ।

केही वर्षअघि शिक्षण अस्पतालमा वार्षिक ५-६ वटा कलेजोको अन्य शल्यक्रिया हुन्थे । कलेजो प्रत्यारोपण सेवा सुरु भएपछि वर्षमा २५-३० वटा शल्यक्रिया हुन थालेको छ । त्यही अनुसार, तालिम र जनशक्ति पनि थपिएको प्रा.डा. भण्डारी बताउँछन् । उनका अनुसार, कलेजोको टुक्रो काटेर प्रत्यारोपण गरिने हुनाले यसमा 'मल्टी स्पेसल टिम' चाहिन्छ ।

(स्रोत: अनलाइनखबर)

टेलिकमले फेरि किन रोक्यो फाइभजी सेवाको परीक्षण ?

काठमाडौं/नेपाल टेलिकमले आइतबारदेखि सुरु गर्ने भनेको फाइभजी सेवाको आन्तरिक परीक्षण अन्तिम समयमा फेरि रोकिएको छ । १९औं वार्षिकोत्सवको अवसरमा टेलिकमले फाइभजी सेवाको परीक्षणको औपचारिक शुभारम्भ गर्ने तय गरेको थियो ।

तर, परीक्षण रोकिएकाबारे वार्षिकउत्सव कार्यक्रममा संस्थाले कुनै जानकारी दिएन । कार्यक्रममा बोलेका सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्मा र सञ्चार सचिव तथा नेपाल टेलिकम सञ्चालक समिति अध्यक्ष बैकुण्ठ अर्यालदेखि नेपाल टेलिकमका प्रवन्ध निर्देशक सुनिल पौडेलसम्मले फाइभजी सेवाको नाम नै लिएनन् ।

टेलिकमले बबरमहल र सुन्धारास्थित टेलिकमको कार्यालयमा रखिएका फाइभजी उपकरणबाट फाइभजीको परीक्षण थाल्ने र यो यो सेवाको उपयोग तत्काललाई टेलिकमका कर्मचारीले मात्रै गर्न पाउने बताएको थियो । यसबारे टेलिकमका कुनै अधिकारीहरु पनि आपैचारिक रुपमा बोल्न मानेका छैनन् । यसअघि यो सेवा १ जनवरी २०२३ देखि सुरु गर्ने तय भएको थियो । तर, त्यो दिन पनि अन्तिम समयमा फाइभजी सेवाको परीक्षणकालीन समय सुरुआत गर्ने काम रोकिएको थियो ।

यसअघि सर्वसाधारणसँग फाइभजी चल्ने डिभाइसको संख्या नै न्युन भएको र फाइभजी प्रणाली प्रयोगको सम्भावना पनि न्युन रहेको भन्दै रोकिए पनि यसमा भूराजनीतिक कारण पनि हुनसक्ने टेलिकमका अधिकारीहरु बताउँछन् ।

विशेषगरी फाइभजी मूलत: चीनमा विकास भएको पाँचौ पुस्ताको मोबाइल प्रविधि हो । अमेरिकासहित पश्चिमा देशले चीनले विकास गरेको प्रविधिको प्रयोगलाई रुचाउने गरेका छैनन् । टेलिकमका अधिकारीहरु नै फाइभजीकै कारण उच्च तहमा अमेरिकासहित पश्चिमी मुलुकसँगको कुटनीतिक सम्बन्ध बिग्रिने हुने डरले परीक्षणको सुरुआत रोकेको अड्कलबाजी गरिरहेका छन् ।

साझाकुरा
"तपाईं, हामी सबैको कुरा"
कोरोना महामारीले समस्याग्रस्त अवस्थामा पनि हाम्रो प्रकाशन रोकिएको छैन, निरन्तर जारी छ ।
हामी तपाईंहरुकै माझमा छौं, पाठकको चाहनालाई मध्यनजर गर्दै परिष्कृत ढंगले अघि बढ्दैछौं ।
प्रकाशनको वर्षदेखि निरन्तर 'क' वर्गमा सूचिकृत
साझाकुरा
राष्ट्रिय दैनिक
वेवसाइटमा संसारभरबाट पढ्न सकिनन्छ ।
www.sajhakuranews.com

१६ सदस्यीय कार्य व्यवस्था परामर्श समिति गठन

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ बागमती प्रदेशसभाले १६ सदस्यीय कार्य व्यवस्था परामर्श समिति गठन गरेको छ ।

आइतबार बसेको प्रदेश सभा बैठकले १६ सदस्यीय कार्य व्यवस्था परामर्श समिति गठन गरेको हो । समितिको नेतृत्व सभामुख भुवनकुमार पाठकले गर्नेछन् भने उपसभामुख अप्सरा चापागाईं र प्रदेशको आन्तरिक मामिला तथा कानुन मन्त्री गंगानारायण श्रेष्ठ प्रदेश सदस्य रहने छन् ।

कार्य व्यवस्था परामर्श समितिको सदस्यहरूमा माओवादी केन्द्रबाट रत्न ढकाल राधिका तामाङ, एमालेबाट आनन्द कुमार श्रेष्ठ, मधुसूदन पौडेल, भारती पाठक कांग्रेसबाट छिरिङ दोर्जे लामा, कुन्दन राज काफ्ले, रामकृष्ण चित्रकार, हरि प्रभा खड्गी, एकीकृत समाजवादी पार्टीबाट ओम कुमारी श्रेष्ठ, ह्मो नेपाली पार्टीबाट शैलेन्द्रमान बज्राचार्य र नेमकिपाबाट सुरेन्द्रराज गोर्साई रहेका छन् । प्रदेशसभाको काम कारबाही, बैठकको कार्यसूची तथा आवश्यकताका आधारमा सभामुखलाई सघाउन उक्त समिति गठन गरिएको हो । प्रदेशसभाको बैठकको आइतबारको बैठकमा शून्य समयको

कार्यसूची रहेको थियो ।

उक्त समयमा १७ जना प्रदेश सांसदहरूले प्रदेशका समसामयिक र नागरिकहरूको समस्याका विषयहरू संसदमा राखेका थिए । उक्त बैठकमा राप्रपाकी आशा लामा, कुमारी तामाङ, एमालेका अमन कुमार मास्के, भारती पाठक, प्रभभक्त महर्जन, जयराम थापा, दिनेश चन्द्र देवकोटा, भरत बहादुर केसी, कांग्रेसका उत्तम जोशी, कुन्दनराज काफ्ले, उर्मिला सुनुवार, गीता गुरुङ, गोविन्द लम्साल, कुमार तामाङ, माओवादी केन्द्रका ईश्वर सापकोटा, उर्मिला कुमारी लामा र नेमकीपाकी गीता काफ्लेले सम्बोधन गरेका थिए ।

बैठकमा सांसदहरूले व्यवस्था परिवर्तन भए पनि जनताको अवस्था परिवर्तन हुन नसकेको धारणा व्यक्त गरेका थिए । उनीहरुले संसदमा बोल्दै तरकारी सडकमा फ्याकेरे चितवनमा किसानले गरेको विरोधलाई प्रदेश सरकारले उचित सम्बोधन गर्न माग गरेका थिए ।

देशमा विद्यमान बेतिथिका कारण प्रम आचार्य जस्ता कयौं युवाहरूले आफ्ना सपनाको हत्या भइरहेको उनीहरूको भनाइ थियो । प्रदेशसभाको उक्त बैठकले आगामी माघ २६ गतेका लागि प्रदेश प्रमुखको सम्बोधन मिति तय गरेको छ । उक्त दिन दिउँसो १:०९ बजे प्रदेश प्रमुख यादवचन्द्र शर्माले सांसदलाई सम्बोधन गर्नेछन् । सो दिन प्रदेश सांसदहरूलाई औपचारिक पोसाकमा उपस्थित हुन अह्वान गरिएको छ । प्रदेशसभाको अर्को बैठक माघ २३ गते सोमबार दिउँसो १२:०८ बजे बस्ने गरी स्थगित भएको छ ।

संवेदनशील टोल विकासको अध्यक्षमा पुन:कोइराला

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ संवेदनशील टोल विकास सस्थांको अध्यक्षमा नवराज कोइराला पुन: चयन भएका छन् ।

हेटौंडा उपमहानगर पालिका-९ मा रहेको संवेदनशील टोल विकास सस्थांको दशौं साधारण सभाबाट कोइराला पुन: अध्यक्षमा चयन भएका हुन् ।

हेटौंडा उपमहानगरपालिका वडा नम्बर-९ का वडाअध्यक्ष सुकराम केसीको प्रमुख आतिथ्यता भएको कार्यक्रममा हेटौंडा उपमहानगर पालिका सामाजिक विकास शाखा प्रमुख भैरव कुमाल, ९ नम्बर वडा सदस्य कमला पौडेल, टोल विकास संस्था नगर समन्वय समितिका उपाध्यक्षद्वय सति न्यौपाने र गंगा पौडेल, सामुदायिक सेवा केन्द्र मकवानपुरका अध्यक्ष राम भिष्ट, टोल विकास संस्था ९ नम्बर वडा समन्वयका समितिका अध्यक्ष रमिला सापकोटा, भुगोल ईन्चार्ज यदुवंश खतिवडा, सन्तोषी टोविसका अध्यक्ष कुमार पौडेल लगाएतको उपस्थिति रहेको थियो ।

उक्त साधारण सभाबाट उपाध्यक्षमा इन्दिरा मिश्र अधिकारी, सचिवमा लक्ष्मी वन, सह सचिवमा शुसिला खतिवडा, कोषाअध्यक्षमा किशोर अर्याल लगायत सदस्यहरू चुनिएका छन् । संस्थाका अध्यक्ष नबराज कोइरालाको अध्यक्षतामा भएको सभामा प्रस्तुत अध्यक्षको प्रगति प्रतिवेदन र कोषाध्यक्ष प्रतिवेदन सर्वसम्मत पारित गरिएको थियो ।

देशमा परिवर्तन ल्याउन पत्रकारिताको भूमिका: मन्त्री श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ बागमती प्रदेशका श्रम, रोजगार तथा यातायात मन्त्री एकालाल श्रेष्ठले नेपाली पत्रकारिता क्षेत्रले देशमा आमुल परिवर्तन ल्याउन महत्वपूर्ण भूमिका खेलेको बताएका छन् ।

प्रेस चौतारी नेपालको २५ औं स्थापना दिवसको अवसरमा जिल्ला शाखा मकवानपुरले गरेको अन्तरक्रिया कार्यक्रममा बोल्दै मन्त्री श्रेष्ठले यस्तो बताएका हुन् । उनले राज्यको चौथो अंगको रुपमा रहेको पत्रकारिता क्षेत्रलाई प्रदेश सरकारको साथ र सहयोग रहने बताए ।

श्रेष्ठले पछिल्लो समयमा नेपाली अर्थ व्यवस्थामा आएको संकटको कारण पत्रकारिता क्षेत्रमा पनि गम्भिर असर परेको भन्दै चौथो अंगको सवालमा प्रदेश सरकार गम्भिर रहेको बताए । प्रदेश सरकारका मुख्यमन्त्रीले बागमती प्रदेशकको पत्रकार कल्याण कोषमा ५० लाख रुपैंया दिने घोषणा गरिसकेको विषयलाई कार्यन्वयनमा लैजान सरकार तयार रहेको बताए ।

अहिलेको गम्भिर आर्थिक संकटको समयमा पत्रकारहरु पनि केहि समय सेवा भावको आधारमा काम गर्नुपर्ने भन्दै मन्त्री श्रेष्ठले पत्रकारिता क्षेत्रमा रहेका समस्यालाई समाधान गर्नको लागि आफ्नुहरु हरदम तयार रहेको बताए । प्रेस चौतारी मकवानपुरका अध्यक्ष बालकृष्ण अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले मकवानपुरका सचिव नविन सिग्देल, सहसचिव हिममा लामा, प्रचार विभाग प्रमुख धुवप्रसाद चौंलागाई, चौतारी केन्द्रीय सदस्य हरिप्रसाद हुँमागाँई, प्रदेश महासचिव प्रकाश दाहाल, पत्रकार महासंघ बागमती प्रदेशका संस्थापक अध्यक्ष प्रताप विष्ट लगायतको अतिथ्यता रहेको थियो ।

पत्रकार महासंघद्वारा रवि लामिछानेको अभिव्यक्तिको विरोध

काठमाडौं/नेपाल पत्रकार महासंघले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेले पत्रकार सम्मेलनका क्रममा दिएको अभिव्यक्तिको विरोध गरेको छ ।

आइतबारको पत्रकार सम्मेलनमा लामिछानेले नेपाली सञ्चार क्षेत्रप्रति आधारहीन र पूर्वाग्रही आरोप लगाएको भन्दै महासंघले धम्किपूर्ण अभिव्यक्ति दिनु प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतामाथिको गम्भीर प्रहार भएको जनाएको हो ।

संसदको चौथो ठूलो दलका अध्यक्ष तथा उपप्रधान तथा गृहमन्त्रीसमेत रहिसकेको व्यक्तिले सञ्चारक्षेत्रप्रति संयम गुमाएर अभिव्यक्ति दिनु समग्र सञ्चार क्षेत्रमाथिको प्रहार भएको महासंघको विज्ञप्तिमा उल्लेख छ ।

संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना, प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको रक्षा र नागरिक अधिकार पक्षमा निरन्तर संघर्ष गरेको नेपाली प्रेस कुनै पनि दल वा व्यक्तिको धम्कीबाट चिचलित नहुने महासंघले जनाएको छ ।

महासंघले लामिछानेले धम्कीपूर्ण अभिव्यक्ति दिएको भन्दै कडा शब्दमा निन्दा गरिने पनि विज्ञप्तिमार्फत जनाएको छ ।

'सञ्चार प्रतिष्ठान र सञ्चारकर्मीको नामै लिएर सार्वजनिक रूपमा धम्की दिइनुले नेपालका सञ्चार प्रतिष्ठान र सञ्चारकर्मी असुरक्षित हुनसक्ने तथ्यप्रति महासंघ चिन्ता प्रकट गर्दछ', महासचिव रोशन पुरीले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'लामिछानेको अभिव्यक्तिले कुनै अप्रिय घटना घटेमा त्यसको जिम्मेवारी स्वयम् अध्यक्ष लामिछाने र राष्ट्रिय स्वतन्त्र पार्टीले लिनुपर्नेमा महासंघ प्रष्ट पार्न चाहन्छ ।'

तामाङ चलचित्र 'नाना आङा' चैतमा प्रदर्शन हुने

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ तामाङ चलचित्र 'नाना आङा' चैत दोस्रो सातादेखि प्रदर्शन हुने भएको छ ।

आइतबार हेटौंडामा पत्रकार सम्मेल गर्दै चलचित्र निर्माण टिमले चलचित्र 'नाना आङा' चैत दोस्रो सातादेखि प्रदर्शन हुने जानकारी दिएको हो । निर्माता टिमले प्रदर्शनका लागि सबै व्यवस्थापकीय तयारी पूरा भएको र चलचित्रको 'प्रमियर शो' हेटौंडास्थित ओम्याक्स हलमा हुने जनाएको छ । जिम्बा फिल्मस् प्रोडक्सनको १२ औं प्रस्तुतीमा निर्माण भएको चलचित्रलाई निमा लामा तामाङले निर्देशन गरेका छन् ।

जय स्याङतानको कथा लेखनमा फिल्म तयार भएको हो । 'नाना आङा' अर्थात 'दिदिबहिनी' को मुख्य भूमिकामा आधारित चलचित्रमा दिदिको भूमिकामा नथिया करिशा वाईबा र बहिनीको भूमिकामा कल्पना बाईबा रहेकी छिन् । त्यसैगरी चलचित्रमा नायकहरु जय स्याङतान,

सिताराम स्याङतान र सिताराम गोले रहेका छन् ।

मनाङ, काठमाडौं लगायत हेटौंडाको विभिन्न क्षेत्रमा सुटिङ गरिएको तामाङ चलचित्र नेपाली चलचित्र भन्दा कम नभएको निर्देशक लामाले बताए । उनले तामाङ चलचित्र भन्ने बित्तिकै जाँड रक्सी खाने भूमिका रहेको पाइएको भन्दै यो चलचित्र अलि फरक भएको बताए । उक्त चलचित्र हेटौंडा, काठमाडौं, सलाही लगायत १२ वटा भन्दा हलमा प्रदर्शन हुने बताइएको छ ।

चलचित्रमा गायक विशाल कान्तान, जितु लोप्चन र गायिका सुभा तामाङ, निर्मला घिसिङ र शशीकला मोक्तानको स्वर रहेको छ । चलचित्रमा सुनिल लोप्चन, जगत मोक्तान, माया घलान, पुजा लामा, सुदिप श्रेष्ठ, च्याङ्बा गोङ्बा, राजेन्द्र गौतम, सुनलाल वाईबा, राजकुमार स्याङतान, सुदीप राजबहादुर, निर्मला पाखिन, शमिर थिङ र रमा मोक्तान लगायत कलाकारहरुको अभिनय रहेको छ ।

डान्सिङ स्टारको उपाधि दीलु ऋतु श्रेष्ठलाई

साझाकुरा संवाददाता

हेटौंडा, २२ माघ/ हेटौंडा डान्सिङ स्टारको उपाधि दीलु ऋतु श्रेष्ठले हात पारेकी छन् ।

मकवानपुर उद्योग वाणिज्य संघको आयोजनामा हेटौंडामा जारी १० औं राष्ट्रिय औद्योगिक व्यापार महोत्सव, २०७९ अन्तर्गत् सञ्चालन भएको हेटौंडा डान्सिङ स्टारको उपाधि श्रेष्ठले हात पारेकी हुन् । डान्सिङ स्टारकी प्रतियोगी नम्बर ९ श्रेष्ठले डान्सिङ स्टारको उपाधि जितेकी हुन् ।

एसएमएस भोटिङ र निर्णायकको मूल्याङ्कनको आधारमा श्रेष्ठले प्रथम स्थान हासिल गर्न सफल भइन् । उनले नगद ३० हजार रुपैंयासहित माउन्टेन फ्लाइटलगायत पुरस्कारहरु प्राप्त गरिन् । त्यस्तै प्रतियोगिताको द्वितीय पुरस्कार दीपिका चौधरीले जितेकी छन् । मन्दिरा घिसिङ तृतीय भएकी छन् ।

द्वितीय र तृतीयले अन्य पुरस्कारसहित क्रमश: नगद २० हजार र १० हजार रुपैंयाँ प्राप्त गरेको डान्सिङ स्टार व्यवस्थापन समितिका सदस्य भुगु काकीले बताए । निलम पाण्डेको संयोजकत्वमा रहेको समितिमा कार्कीसँगै राधिका सामरी

पाण्डे थिङ्न । प्रतियोगिताको निर्णायकको भूमिका सन्ध्या आचार्य, सुजन श्रेष्ठ, सगुन श्रेष्ठ र सुवास गहतराजले निर्वाह गरेका थिए । प्रतिस्पर्धामा सहभागी स्यारन श्रेष्ठ र अन्तिमा लामालाई सान्त्वना पुरस्कार वितरण गरिएको काकीले जानकारी दिए ।

स्नातक चौथो वर्षको परीक्षाबारे विद्यार्थीबीच मतभेद

काठमाडौं/त्रिभुवन विश्वविद्यालयले १० फागुनदेखि तोकेको स्नातक तह चौथो वर्षको परीक्षालाई लिएर विद्यार्थीहरुबीच विवाद भएको छ ।

केही विद्यार्थीले परीक्षा सार्न दबाब दिँदै आन्दोलन सुरु गरेका छन् । कोरोना महामारीको समयमा बिग्रेको शैक्षिक क्यालेन्डरका कारण हाल त्रिविमा २०७७ र २०७८ सालमा भर्ना भएकाहरु गरी दुई ब्याच छन् । त्यसैले चार वर्षे स्नातक तहमा ५ वटा ब्याच छ ।

स्ववियु निर्वाचनमा ४ ओटा ब्याचले मात्र मतदान गर्न पाउने भएकाले चौथो वर्षलाई छिट्टै धपाउन लागि छिट्टै परीक्षा गर्न लागिएको आन्दोलनरत विद्यार्थीहरु बताउँछन् । त्रिविले छिटो परीक्षा सक्न १० दिँखि १९ गतेसम्मको तालिका सार्वजनिक गरेको भन्दै विद्यार्थीहरुले विरोध जनाएका छन् ।

विद्यार्थी केशन ढकाल परीक्षा फारम भर्ने समयावधि थप गरेर परीक्षा सार्नुपर्ने बताउँछन् । 'स्ववियु चुनावको आचारसंहिता लागू हुनुपूर्व परीक्षा फारम बन्द गरियोस् र परीक्षा सारियोस्' उनले भने ।

आफूहरुलाई स्ववियु चुनावअघि नै खेदन खोजिएको

ढकालले बताए । 'हामीले फारम भर्न बित्तिकै हामी चौथो वर्षको विद्यार्थी रहदैनौं । यसरी हतारमा परीक्षा गरेर खेदाउन जरुरी छैन ।'

'राजनीति गर्न परीक्षा रोक्न खोजियो'

केही विद्यार्थीहरुले भने परीक्षा तोकिएकै समयमा हुनुपर्ने माग गरिरहेका छन् । राजनीतिमा चासो हुने विद्यार्थीले स्ववियु चुनावमा भाग लिन मात्र परीक्षा सार्न दबाब दिएको यो पक्षको जिकिर छ । विद्यार्थी विनोद भट्टराई नेता हुन चाहने विद्यार्थीहरुको प्रभावमा परेर त्रिविले परीक्षा सार्न नहुने बताउँछन् । उनी भन्छन्, '९ महिनामा पनि परीक्षा नगरेर कहिले गर्ने ?'

अर्की विद्यार्थी सावित्रा भण्डारी परीक्षा सार्न नहुने पक्षमा छिन् । कोरोना महामारीका कारण ४ वर्षमा पूरा हुनो कोर्स ५ वर्षमा पनि नसकिने भन्दै उनले अझै परीक्षा सार्न नहुने धारणा राखिन् । 'राजनीत गर्ने दाइदिदीहरुको कुरा सुनेर त्रिविले परीक्षा सार्नुहुँदैन' उनले भनिन् ।

विद्यार्थी कञ्चन थापा परीक्षाको तयारी गर्न छोडेर आन्दोलन गरिरहेका विद्यार्थीको कुरा सुनेर सबै विद्यार्थीलाई अन्यायमा पार्न नहुने उनको भनाइ छ ।

परीक्षा रोक्नुपर्ने माग गर्दै आएका विद्यार्थीले परीक्षा नियन्त्रण कार्यालयमा ताला लगाउनुको साथै त्रिवि परीक्षा नियन्त्रक कार्यालयका सह-परीक्षा नियन्त्रक घनश्याम ठाकुरलाई दुर्व्यवहार समेत गरेका थिए ।

परीक्षा सार्ने मागका विषयमा आइतबार त्रिविका पदाधिकारी बीच छलफल भएको थियो । परीक्षा नियन्त्रक पुष्पराज जोशीले भने, 'आज छलफल तर के गर्ने भन्ने निष्कर्ष निस्केन । केही दिनपछि निर्णय हुन्छ ।'

गाडीको ठक्करबाट एक बालिकाको मृत्यु

जनकपुरधाम/महोत्तरीमा गाडीको ठक्करबाट एक बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा महोत्तरीको लोहारपट्टी नगरपालिका-३ मल्हैयाकी ४ वर्षीया अंशु कुमारी सहनी छन् ।

आइतबार लोहारपट्टीबाट जनकपुरधामतर्फ जाँदै गरेको वा १२ च ५९२४ नम्बरको गाडीको ठक्करबाट सडक पार गर्दै गरेकी बालिकाको घटनास्थलमै मृत्यु भएको महोत्तरीका प्रहरी प्रवक्ता डिएसपी सन्तोषकुमार पोखरेलले जानकारी दिए ।

बालिकाको शव पोस्टमार्टमको लागि प्रादेशिक अस्पताल जलेश्वरमा राखिएको र घटना विषयमा थप अनुसन्धान गरिरहेको जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाएको छ ।

रेष्टुरेन्ट बिक्रीमा

हेटौंडाको मेनरोडमा चालु अवस्थामा रहेको रेष्टुरेन्ट विशेष कारणले बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.:
९८४५२९०३९१, ९८५५०८५३९१

फेन्सी पसलको फर्निचर बिक्रीमा

खोपेगल्ली काका भतिज मार्केटको लाफिङ हाउस सँगै चालू अवस्थामा रहेको फेन्सी पसलको फर्निचर सुपथ मूल्यमा बिक्री रहेकोले खरिद गर्न इच्छुक व्यक्तिले सम्पर्क गर्नुहोला ।

सम्पर्क नं.: ९८२१८५३११४, ९८५५०७७७७८

कपडाहरूको धुलाई र ड्राई क्लिनको लागि सम्पर्कनुहोस्

कोट, पाइन्ट, सर्ट, तन्ना, साडी, ज्याकेट, ब्ल्याङ्केट सामान्य प्रयोगका कपडाहरुको आधुनिक प्रविधिबाट धुलाई तथा ड्राई क्लिनका लागि सधैं सम्पर्कनुहोस् ।



कार्पेट तथा शोफाको खोलहरु घरमै गएर धोइन्छ ।

प्रो. अमिता चौधरी

मेरिना ड्राई क्लिनिङ्ग स्पोट

नगरविकास रोड, हेटौंडा-४, हुप्रचौर
(निर्माण व्यवसायी संघको अगाडि)
सम्पर्क नं.: ९८४५९२६९४२

थप सुविधाका साथ हाम्रा सेवाहरू

विगत एक दशकभन्दा लामो समयदेखि निरन्तर बिरामीहरुको सेवामा समर्पित यस **अस्पताल**मा विशिष्ट विशेषज्ञ डाक्टरहरुको समूहद्वारा सबै किसिमको रोगहरुको उपचार गर्ने उद्देश्यका साथ दैनिक उपचार जांच भइरहेको जानकारी गराउंदछौं ।

कार्यरत विशेषज्ञ डाक्टरहरु :

- हाडजोर्नि तथा नशा रोग विशेषज्ञ डा.उसलमान श्रेष्ठ तथा डा.आभाष तिवारी
- जनरल फिजिसियन तथा मृगौला रोग विशेषज्ञ डा. दिनेश्वरी श्रेष्ठ
- नाक, कान, घांटी रोग विशेषज्ञ डा.अनुप सञ्जेल र डा.इक्लास ढुंगाना
- जनरल सर्जन डा.साजिद अन्सारी तथा डा.सरोज प्रधान
- छाला रोग विशेषज्ञ तथा यौनरोग डा.प्रमोद चौरसीया
- रेडियोलोजिष्ट डा.गोहेन्द भूसाल
- एनेस्थेसिया डा.सुवास लामिछाने
- इन्तरोग विशेषज्ञ डा.रञ्जना शाह
- फिजियोथेरापिस्ट डा.रवि गुरुङद्वारा दैनिक उपचार तथा जांच हुनेछ ।

साथै हामी कहा OPD सेवा, बिरामी भर्ना सेवा अत्याधुनिक मेशिनद्वारा अपरेशन, प्लाष्टर सेवा २४ सै घण्टा अत्याधुनिक मेशिनद्वारा रगत, दिसा, पिसाबको जांच सेवा एक्स-रे सेवा, भिडियो एक्सरे सि टि स्क्यान सेवा फार्मेसी सेवाहरु उपलब्ध छ ।

हेटौंडा मोडेल अस्पताल

हेटौंडा-१ स्वर्गद्वारी मन्दिरचोक, जरुवा टोल, हेटौंडा ।
मो.नं. ९७४५३२९६४८ फोन नं.: ०५७-५२२७५६

नवीकरण तथा साधारण सभासम्बन्धी सूचना

उपरोक्त सम्बन्धमा यस निर्माण व्यवसायी संघ, मकवानपुरको साधारण सभा तथा निर्वाचन कार्यक्रम यही २०७९ माघ २८ र २९ गते हुने जानकारी गराउँदै यस संघ अन्तर्गतका सम्पूर्ण निर्माण व्यवसायीहरुले आ.व. २०७९/०८० को लागि इजाजतपत्र नवीकरण गर्ने अन्तिम मिति यही २०७९ माघ २५ गते सम्म रहेको हुनाले उक्त अवधिभित्र नवीकरण गरिसक्नु हुन अनुरोध गरिन्छ । अन्यथा सिफारिस नलिने तथा नवीकरण नगर्ने फर्म/कम्पनीलाई संघबाट दिइने सेवा सुविधाबाट बञ्चित गराउनुको साथै निर्वाचन कार्यक्रममा समेत भाग लिन नपाउने व्यहोरा जानकारी गराइन्छ ।

स्थान: पल्पसा हल (२८ गते साधारण सभा)
२९ गते (निर्वाचन निर्माण व्यवसायी संघको परिसर)
समय: बिहान ७ बजे बाट

श्याम सुन्दर ढकाल
अध्यक्ष
निर्माण व्यवसायी संघ, मकवानपुर
हेटौंडा, मकवानपुर

थापाथली प्रसुति गृहका वरिष्ठ स्त्री तथा प्रसुति रोग विशेषज्ञ **डा.प्रशान्त शर्मा**

अब प्रत्येक दिन

विहान ८ बजे देखि बेलुकी ५ बजेसम्म OPD सेवा

तथा

२४ सै घण्टा

स्त्री तथा प्रसुति रोग सम्बन्धि Emergency सेवा

हेटौंडा सिटी हस्पिटलमा

तसर्थ महिलाहरुमा हुने विभिन्न समस्याहरु जस्तै :

- गर्भवती महिलाका सम्पूर्ण चेक जाँच तथा डेलिभरी सेवा
- सेतो पानी बग्ने समस्या
- महिनावारी गडबडी हुने
- पाठेघर तथा तल्लो पेटको समस्याहरु
- स्तनका विभिन्न समस्याहरु
- महिला प्रजनन प्रणाली तथा निसन्तानपन सम्बन्धि समस्या

लगायत महिलाहरुमा हुने सम्पुर्ण समस्याहरुको चेक-जाँच, उपचार तथा परामर्शका लागि हामीलाई सम्झनुहोस् र स्वास्थ्य लाभ लिनु होला ।

थप जानकारीको लागि
हेटौंडा सिटी हस्पिटल प्रा.लि.
हेटौंडा उपमहानगरपालिका-१ फोन न.:०५७-५२०३९५
समग्र स्वास्थ्य परीक्षण (Whole Body Check Up) सेवा साथै हरेक दिन HD Quality को इण्डोस्कोपी (Endoscopy) सेवा प्रदान गरिन्छ । स्तरीय स्वास्थ्य सेवा प्रति समर्पित ।

साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२११९५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना